अनुमतिबेगर तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ २८ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 February 11 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६७

## सर्लाही र रौतहटमा बढ्दै छ उखुखेती

प्रस, गरुडा, २७ माघ/

सर्लाही गोडैता नगरपालिका–४ रोहुवाका राजेश ठाकुरले छ बिघा उखु



तस्वीरः फाइल

रोपेर सिध्याएका छन्। गत वर्ष ठाकुरले तीन बिघामा मात्र उखुखेती गरेका थिए। सर्लाहीको उखु किन्न विभिन्न जिल्लाका चिनी उद्योगहरूले उखु खरीद केन्द्र (काँटा) सञ्चालन गरेपछि उखु किन्ने उद्योगीबीच प्रतिस्पर्धा बढेपछि उखुको मूल्य समयमैं पाउन थालेको देखेर ठाकुरले गत वर्षभन्दा तीन बिघा बढी खेतमा उखुखेती थपेका हुन् ।

रौतहटको गढीमाई नगरपालिका–२ समनपुरका कामेश्वर सहनीले पनि गत वर्षभन्दा दोब्बर बढी खेतमा उखुखेती गर्दैछन् । विगत वर्षमा चिनी उद्योगले उखुको मूल्य भुक्तानी गर्न आनाकानी गर्दै गएपछि पहिलेको तुलनामा पच्चीस प्रतिशतभन्दा कम खेतमा उखुखेती गरेका सहनीले चालू आर्थिक वर्षमा उखुको रकम तत्काल नै पाउन थालेपछि गत वर्षको तुलनामा उखुखेती दोब्बर गरेका हुन् । गत वर्ष साढे तीन बिघामा उखुखेती गरेका सहनीले यस वर्ष करीब सात बिघामा उखुखेती थप्दैछन् ।

सर्लाहीका ठाकुर र रौतहटका सहनी उदाहरण मात्रै हुन्। जिल्लाका अधिकांश किसानले गत वर्षको भन्दा केही बढी खेतमा उखु लगाइरहेका छन् । नगदे बालीको मान्यता पाएको उखुको मूल्य विगतका वर्षहरूमा उद्योगीहरूले समयमा नदिएका कारण खेतीबाट पलायन हुँदै किसानहरूले उधारो खेती भनी हेला गर्न थालेपछि उखुखेती कम भएर चिनी उद्योगहरू नै सुक्ने अवस्थामा पुगेका छन्।

प्रतिस्पर्धाले गर्दा करीब आधा दशकभन्दा लामो समयपछि उखु किसानको हातमा उखुको पैसा तत्कालै पर्न थालेको छ। तराई–मधेसमा सबैभन्दा बढी उखुखेती सर्लाहीमा हुन्छ । उखुखेतीको बैंक नै मानिएका सर्लाही जिल्लामा चारवटा उखु उद्योग छन् । करीब तीन दर्जन बढी खाँडसारी उद्योग सञ्चालित छन्। सर्लाहीमा सिद्धिविनायक सुगर मिल, इन्दुशङ्कर, अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले मात्रै उखु किनेका छैनन् । रौतहटको बाबा बैजुनाथ र एभरेस्ट सुगर मिल महोत्तरीले समेत काँटा सञ्चालन गरेर उखु किन्न प्रतिस्पर्धा गरेपछि कम हुँदै गएको उखुखेतीतर्फ किसानहरू पुनः आकर्षित भएका छन् ।

सर्लाहीमा गत वर्ष २१ हजार बिघामा उखुखेती भएको थियो तर यो वर्ष उखुको मूल्य सरकारले समयमा नै तय गरेर किसानको खातामैं पैसा पठाउन थालेपछि गत वर्षको तुलनामा यो वर्ष थप नौ हजार बिघामा उखुखेती भएर तीस हजार बिघा पुग्ने अनुमान रहेको इन्दुशङ्कर चिनीमिलका प्रमुख उखु प्रबन्धक योगनारायण रजक बताउँछन् ।

रौतहटको गरुडामा रहेको श्रीराम सुगर मिल बन्द भएपछि बाबा बैजुनाथ सुगर मिलले किसानसित खरीद गरेको उखुको भुक्तानी बैंकमार्फत खातामैं पठाउन थालेपछि किसानहरू रौतहटमा पनि उखुखेती धमाधम रोपाइँ गरिरहेका छन्। किसानले समयमैं उखुको भुक्तानी पाउन थालेकाले चालू आर्थिक वर्षमा कम्तीमा पचास प्रतिशतले उखुखेती बढ्ने उखु उत्पादक सङ्घ, रौतहटका सचिव सफिन्द्रप्रसाद यादव बताउँछन् ।

अहिले किसानले उखु धमाधम रोपिरहेकाले आगामी वर्ष कम्तीमा १५ लाख क्वीन्टल उखु जिल्लामा उत्पादन हुने सचिव यादवको अनुमान छ। चालू आर्थिक वर्षमा जिल्लामा छ लाख क्वीन्टल उखु मात्रै उत्पादन भएको सचिव यादव बताउँछन् ।

अहिले जिल्लामा करीब दुई हजार बिघामा मात्र उखुखेती रहेकोले अगामी सिजनको लागि करीब दोब्बर बढे कम्तीमा चार हजार बिघामा खेती हुने अनुमान रहेको बाबा बैजुनाथ सुगर मिलका सञ्चालक बैजुप्रसाद बावरा बताउँछन् । उनले उखुखेतीलाई बढावा दिन आफ्नो मिलले किसानलाई उन्नत जातको बीउसमेत उपलब्ध गराइरहेको बताएका छन् ।

उखुखेतीको लागि किसानले चिनी उद्योगबाट प्रोत्साहन पनि पाइरहेको र समयमा चिनी उद्योगबाट भुक्तानी पनि पाइरहेको हुनाले उखुखेती विस्तार हुने निश्चित देखिएको किसानहरू नै बताउँछन्।

## सर्भिस लेनमा पाँचवटा पुल निर्माण हुने

राधेश्याम पटेल, परवानीपुर, २७ माघ/

पर्सा जिल्ला अन्तर्गत गण्डक नहरको सर्भिस लेनमा पाँचवटा पुल हुने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतको सडक डिभिजन कार्यालय, निजगढले पाँचवटा पुल निर्माणको लागि ठेक्का प्रक्रियामा रहेको र आगामी साउन मसान्तदेखि पुल निर्माणको काम शुरू गर्ने तयारी भइरहेको आयोजना कार्यालय, निजगढले जनाएको छ ।



जगरनाथपुरस्थित श्रीसिया खोलाको क्षतिग्रस्त पुल । तस्वीरः प्रतीक

इन्जिनीयर नातिबाबू खड्काका अनुसार ओरिया, सिकटा, नवरङ्गिया, ढोडियालगायतमा पुल निर्माण शुरू हुन लागेको हो। एक वर्षदेखि पुलको लागत स्टिमेट तथा सर्भेपश्चात् ठेक्का प्रक्रिया शुरू भएको थियो भने अहिले मूल्याङ्कन सकिएर ठेकेदारहरूसँग सम्झौताको प्रक्रियामा रहेको र आगामी आवदेखि पुल निर्माणको काम शुरू हुने जनाइएको छ। पर्सा, बारा, रौतहटसम्म फैलिएको ८१ किलोमिटर लम्बाइको गण्डक नहरको सर्भिस लेनमा साना–ठूला गरी २२ वटा पुल रहेका छन्। गण्डक नहरको सर्भिस लेनलाई पहिले गण्डक नहरको डिल मरम्मत सम्भारको लागि नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, गण्डकले प्रयोग गर्दै आए तापनि पछिल्लो समय सो बाटोलाई तीनै जिल्लाको मध्य क्षेत्रको मुख्य बाटोको रूपमा प्रयोग गरिएको छ।

त्यसैगरी, सडक डिभिजन कार्यालयले गण्डक नहरको सर्भिस लेनलाई कालोपत्र गर्ने योजना अघि बढाएको छ भने क्षतिग्रस्त पुलहरूको नयाँ सिराबाट निर्माण गरी यातायात सहज पार्न योजना अघि बढेको उनले बताए।

पर्सा जिल्लाबाट गण्डक नहरको जीरोआरडी, जानकीटोलादेखि महुवननजीकको लखनपुर गाउँसम्म पर्ने पाँचवटा खोलामा पुल निर्माण हुन लागेका हुन् । तर गण्डक नहरको बाटोमा पर्ने पर्सा जिल्लाका मनियारी, जगरनाथपुरको श्रीसिया खोलाको पुल र बारा, प्रसौनीको त्रिवेणी खोलाको पुल सबैभन्दा बढी क्षतिग्रस्त भएको हुँदा पहिले ती खोलामा पुल निर्माण गर्नुपर्ने स्थानीयहरूले माग गरेका छन् ।

## वनबिरालो मारेको अभियोगमा पाँचजना पक्राउ

प्रस, गरुडा, २७ माघ/

वनबिरालो मारेको अभियोगमा रौतहटमा पाँचजना पक्राउ परेका छन् ।



मरेको वनविरालोबारे जानकारी देखाउँदै । तस्वीरः प्रतीक

रौतहटको गुजरा नगरपालिका जङ्गलसहियानजीकबाट सातवटा ढाडे वनबिरालो मारेको अभियोगमा प्रहरीले पाँचजनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा सबै युवक छन्।

बुधवार साँझ करीब ६ बजेको समयमा जङ्गलसहिया चोकदेखि पश्चिमको बाटोमा रातो झोला बोकेर शङ्कास्पद अवस्थामा हिंडिरहेको अवस्थामा एउटा टोलीलाई इलाका प्रहरी कार्यालय, विजयपुर लक्ष्मीनियाको प्रहरी टोलीले चेकजाँच गर्दा मृत अवस्थाका सातवटा वनबिरालो बरामद भएको थियो । झोलामा मृत अवस्थामा सातवटा वनबिरालो मृत अवस्थामा फेला परेपछि प्रहरीले पाँचजनालाई नियन्त्रणमा लिएको थियो। पक्राउ पर्नेमा बाराको महागढीमाई नगरपालिकाका १८ वर्षीय पप्पु बरै, ३५ वर्षीय सञ्जय बरै, १८ वर्षीय अक्षय बरै, १८ वर्षीय सुनील बरै र १८ वर्षीय नीरज बरै रहेका छन्।

पक्राउ पर्नेहरूलाई इलाका प्रहरी कार्यालय, विजयपुर लक्ष्मीनियाले जङ्गलसहिया सबडिभिजन वन कार्यालयलाई बुझाएको छ। पक्राउ परेका पाँचैजनालाई नियन्त्रणमा राखेर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अन्तर्गत अनुसन्धान तथा कारबाईको प्रक्रिया अगाडि बढाइएको डिभिजन वन कार्यालय, रौतहटका प्रमुख अमरदेव यादवले जानकारी गराएका छन् ।

## ग्रामीण क्षेत्रबाट पनि बयलगाडा हराउँदै

ओमप्रकाश चौधरी, सेढवा, २७ माघ/

कृषि कार्यमा आधुनिक मेशिन तथा



सखुवाप्रसौनी गापा–२ पचगावाँ बजारमा देखिएको बयलगाडा । तस्वीरः प्रतीक

सवारीसाधन प्रयोग भएपछि ग्रामीण भेगको मुख्य सवारीसाधन बयलगाडा हराउन थालेको छ। एक ठाउँबाट अर्को ठाउँमा सामान ओसार्न तथा मानिस आउजाउमा प्रयोग हुने बयलगाडा ग्रामीण क्षेत्रबाट पनि हराउँदै गएको छ।

खेत जोताइका लागि ट्याक्टरमा हलो, रोटाभेटर तथा आवागमनको लागि ग्रामीण क्षेत्रमा सवारीसाधन उपलब्ध हुन थालेपछि किसानहरूले गोरु पाल्न छाडेका छन् । पटेर्वासुगौली गाउँपालिका–५ का शम्भु महतो थारूले कृषि कार्यका लागि विभिन्न आधुनिक मेशिनबाट खेतको खनजोत गर्न सहज, छिटो र सस्तो भएको कारण किसानहरूले गोरुलाई विस्थापित गरेको बताए ।

उनले गोरु पाल्दा वर्षभरि एकजना कामदार लगाइरहनुपर्ने तथा कामदारको ज्याला निकै महँगो भएकाले किसानहरूले गोरु पाल्न छाडेको बताए। गोरु लगाएर बयलगाडाबाट सवारी गर्दा रमाइलो भएपनि यात्रा ढिलो हुने भएकोले बयलगाडा विस्थापित भएको उनले बताए।

जगरनाथपुर गाउँपालिका–३ का गुलाब राउत अहिरले गाउँमा गोरु कसैले नपालेकाले गाडाको प्रयोजन समाप्त भएको बताए। गोरु पाल्न र बयलगाडा चलाउन किसानका लागि आर्थिक हिसाबले झन्झटिलो भएकोले आधुनिक सवारीसाधनतिर किसानहरू लागेको उनले बताए ।

जीराभवानी गापा–२ सेढवा निवासी शिवनाथ साह तेलीले एक वर्षअघिसम्म बयलगाडा सञ्चालन गर्दै आएका थिए। तर गत वर्ष उनले गोरु बिक्री गरेकाले अहिले घरमा गाडा मात्रै रहेको बताए। उनले आफ्नो गाईले दुईवटा बाछा जन्माएकाले आगामी दिनमा बयलगाडा सञ्चालन गर्ने बताए। उनले तीनवटा गाई पाल्दा थप दुईवटा गोरु पाल्न समस्या नभएको बताए। गोरु भएकोले सानो जग्गामा जोताइ गर्न सहज भएको र कहिलेकाहीं बयलगाडाबाट पनि आम्दानी हुने गरेको बताए। अहिले उनको गाउँमा आक्कलझुक्कल एक/दुई वटा बयलगाडा देख्ने गरिएको छ।

## सुरक्षा समितिद्वारा मतदान केन्द्रको अवलोकन



छिपहरमाई गापाको मतदान केन्द्रको अवलोकन गर्दै टोली। तस्वीरः प्रतीक

प्रस, वीरगंज, २७ माघ/

स्थानीय तहको निर्वाचन वैशाख ३० गते एकै चरणमा हुने सरकारको निर्णयपछि पर्सा जिल्लामा जिल्ला सुरक्षा समितिले निर्वाचनसम्बन्धी तयारी शुरू गरेको छ ।

यसै क्रममा बिहीवार प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालको नेतृत्वमा जिल्लाका विभिन्न मतदान केन्द्रहरूको अनुगमन र अवलोकन गरिएको छ । चौधवटै पालिकामा रहेका संवेदनशील मतदान केन्द्रहरूको आज अनुगमन तथा अवलोकन गरिएको हो ।

जिल्ला निर्वाचन कार्यालय, पर्साकी प्रमुख रञ्जीता झाले छिपहरमाई गाउँपालिकाका आठवटा मतदान केन्द्रको आज निरीक्षण भएको बताइन्। उनले अनुगमनको क्रममा मतदानस्थलको भौतिक अवस्था, बाटो, पर्खाल, शौचालय आदिका बारेमा टोलीले जानकारी लिएको बताइन् ।

उनले यसअघि जिल्ला सुरक्षा

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

जुन मानिस असल छ भनेर तिम्रो मनले खान्छ, त्यो मानिस तिम्रालागि कहिले पनि गलत हुन सक्दैन ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# निकुञ्जमा घाँसे मैदान

चितवन राष्ट्रिय निकुञ्जले निकुञ्जको जङ्गलभित्र घाँसे मैदान बनाउने प्रस्ताव अगाडि सारेको छ। राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र विभिन्न पाँच स्थानमा १० देखि १५ हेक्टर क्षेत्रफलको घाँसे मैदान निर्माण गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा प्रस्ताव पठाएको हो । उक्त घाँसे मैदानमा बाह्रै महीना घाँस पलाउने गरी मजदूर कर्मचारी खटाएर व्यवस्थापन गर्ने निकुञ्जको कार्ययोजना छ। निकुञ्जको क्षेत्रमा पर्ने जिल्लाहरूमा पर्सा, मकवानपुर, चितवन र नवलपरासी हुन् । पर्सा राष्ट्रिय निकुञ्जसमेत चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तुको क्रियाकलापबाट प्रत्यक्ष प्रभावित रहेकोले पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएका जिल्लाहरू पनि चितवन राष्ट्रिय निकुञ्जको प्रभाव क्षेत्र मानिनुपर्छ। पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएका क्षेत्रहरूमा वन्यजन्तुबाट जति पनि क्षति भएका छन्, त्यसरी क्षति पुऱ्याउने हात्ती, गैंडा, बाघलगायतका जनावर अधिकांश चितवनबाटै पर्सामा प्रवेश गरेका हुन्छन्। हुनत पर्सा राष्ट्रिय निकुञ्जको आफ्नै विशेषता छ। यहाँका वन तथा वन्यजन्तुको पहिचान अलग छ, फेरि पनि चितवनमा जङ्गली जनावरको घनत्व, चरण क्षेत्र एवं जनावरको आहार उपलब्धतालगायतमा फरक पर्दा त्यसको प्रत्यक्ष असर पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रमा पर्छ। अतः चितवनको वन तथा वन्यजन्तु संरक्षणमा पर्सा राष्ट्रिय निकुञ्जको ठूलो योगदान छ । दुवै राष्ट्रिय निकुञ्ज अभिन्नरूपमा सीमा जोडिएको हुँदा यसो भएको हो।

राष्ट्रिय निकुञ्जभित्र प्राकृतिकरूपमा कैयन घाँसे मैदान छन् । त्यस्ता घाँसे मैदानहरूको व्यवस्थापन केवल औपचारिकतामा मात्रै सीमित छ । विभाग वा दातृ निकायबाट प्राप्त सहयोग रकमबाट दुनो सोझ्याउने, गोजी भर्ने काम मात्रै भइरहेको छ। निकुञ्ज क्षेत्रभित्र वन तथा वन्यजन्तु संरक्षणका लागि युएनडिपी, डब्ल्यूडब्ल्यूफ, पार्क एन्ड पिपुल, माललगायतका स्वदेशी तथा विदेशी सङ्घ/संस्थाहरूबाट दशकौंदेखि रकम खर्चिएका छन् । प्रतिफल भने एउटा संस्थाले लगानी गरेर गयो, अर्को आउँदा जस्ताको त्यस्तै ।

एकपटक बनेको सम्पत्तिलाई निकुञ्जले स्वामित्वमा लिने र त्यसको निरन्तर व्यवस्थापन गर्ने स्थायी संयन्त्र निर्माण गरिनुपर्छ । बस्ती हटाइएका स्थानहरू पर्साको रामभौरीभाथा, चितवनको भीमपुर, पिप्ले, पदमपोखरी क्षेत्र व्यवस्थित र मनोरम घाँसे मैदान बन्न सक्छन्। यस्ता मैदानहरूले वन्यजन्तुलाई घाँस, बास र राज्यलाई पर्यटनबाट राजस्व दिन सक्छ। हाल उक्त क्षेत्रहरू मिचाहा प्रवृत्तिका झार र काम नलाग्ने बुट्यानहरूले ढाकिंदैछन् । यसको अलावा जङ्गलभित्र पनि प्राकृतिकरूपमा रहेका घाँसे मैदानहरूमा सिंचाइ, पोखरी साथै वरिपरि अग्निरेखाको व्यवस्था गर्ने साथै वन्यजन्तुलाई काम नलाग्ने झार, बुट्टाहरू हटाएर बान्ह मासे जातका भुइँ घाँसहरू लगाउनु जरुरी छ। यसो हुन सकेमा बाली खान बस्ती चहार्ने वन्यजन्तु त्यतै रमाउनेछन् र प्रभावित क्षेत्रका बासिन्दाले पनि राहत पाउनेछन्। यसतर्फ सम्बन्धित निकुञ्ज र सरकार संवेदनशील हुनुपर्छ। चितवनमा घाँसे मैदानको प्रस्ताव वन तथा वन्यजन्तु संरक्षणको पक्षमा साकार होस् ।

# प्रजातान्त्रिक समाजवादः विपीको आँखाबाट

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला
(A PhD Scholar)
Koiralarp46@gmail.com


**विपीले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवादलाई अहिलेका काङ्ग्रेसी नेता–कार्यकर्ताहरूले चटक्क बिर्सेको दृष्टान्तले सिद्धान्तमा अडान राख्ने नेताहरूको कति छाती पोल्दो हो ! विपीको उद्धरण–"विकसित मुलुकहरूको तडकभडक देखेर त्यसैमा हुरूक्क भई हामी विकासलाई रोमान्टिक वस्तु नठानौं ।"**

मैले विपीको उद्धरणबाट आफ्नो आलेख शुरू गर्न चाहें–"जनताको मतद्वारा वैधता प्राप्त गरी सत्तामा आउनेभन्दा हतियारको बलमा आएकालाई कसरी विश्वास गर्न सकिन्छ ?"

विश्वमा मूलतः दुईवटा धार प्रचलन र अभ्यासमा रहेको पाइन्छ। प्रजातान्त्रिक र कम्युनिस्ट धार । ती दुवै धारका राजनीतिज्ञ, व्याख्याता, विचारक एवं विश्लेषकहरूले आआफ्नो नीति र सिद्धान्त अनुसार गतिविधि सञ्चालन गर्दै राजनीतिक दल र देशको राज्य सञ्चालन गर्दै आएको देखिन्छ । दुवै धारले समाजवादको लक्ष्य निर्धारण गरेको छ । उनीहरूले व्याख्या, चिन्तन र प्रयोग आआफ्नै तरीकाले गरेको पाइन्छ ।

विसं १९९३ मा नेपाल प्रजा परिषद्को स्थापना र प्रजातन्त्र प्राप्तिको लागि बलिदान दिने चार अमर शहीदहरू गङ्गालाल श्रेष्ठ, धर्मधक्त माथेमा, शुक्रराज शास्त्री र दशरथ चन्दको योगदान अतुलनीय छ । प्रजातान्त्रिक राजनीतिक धारको खोजी गर्नुपर्दा सर्वप्रथम नेपाल प्रजा परिषद्को स्थापनासँगै विपी कोइरालाले विसं २००३ सालमा स्थापना गरेको नेपाली काँग्रेस र यसको मूल सिद्धान्त राष्ट्रियता, प्रजातन्त्र र समाजवादले प्रजातान्त्रिक धार समेट्न खोजेको देखिन्छ भने विसं २००६ सालमा कम्युनिस्ट पार्टीको स्थापनाले कम्युनिस्ट धारको शुरुआत भएको देखिन्छ । नेपालमा कम्युनिस्ट विचारधाराको सूत्रपात गर्ने नेता पुष्पलाल श्रेष्ठ हुन् । आजको दिनसम्म आइपुग्दा यिनै दुई धारको प्रभाव नेपाली समाज र राजनीतिमा परेको देखिन्छ। नेपाली काङ्ग्रेसका जन्मदाता, प्रजातान्त्रिक समाजवादका विचारक एवं नेपालका प्रधानमन्त्रीसमेत रहेर देश विकासको खाका कोर्दै सामाजिक न्याय, स्वतन्त्रता, मानवता र संसदीय शासन प्रणालीमा विश्वास गर्ने विपी कोइरालाको प्रजातान्त्रिक समाजवादको व्याख्या आजपर्यन्त उत्तिकै सान्दर्भिक छ। विपी कोइराला देश र जनताबारे सोच्ने, नीति बनाउने, लागू गर्ने, सबै राजनीतिक दल, तत्कालीन राणा शासक, शाह शासक, पञ्चायती व्यवस्था एवं बहुदलीय प्रजातन्त्रको पक्षमा आफ्नो विचार राख्दै सबै राजनीतिक दललाई एकताको सूत्रमा आबद्ध गर्दै पार्टी एवं देशको कार्यकारी पदमा रहेर महत्त्वपूर्ण योगदान गरेको कुरा सर्वविदितै छ। देश, काल, जनताको चेतनाको स्तर आकलन गरेर त्यस बेलाको अवस्थालाई मध्यनजर गर्दै उनले आफ्नो मौलिक सिद्धान्त प्रतिपादन गराएर हामी सबैलाई अनुग्रहित बनाएको कुरा कसैले नकार्न सक्दैन ।

विपी कोइराला मूलतः राजनीतिक व्यक्ति थिए । राजनीतिबाट कहिल्यै छुटकारा पाउने छैन भन्ने कुरा उनले बुझेका थिए (गिरी, २०७३) । यसबाट विपी कोइरालाको राजनीति देश र जनतासँगको सम्बन्धका विषयमा लगाव असामान्य भएको अनुमान गर्न सकिन्छ।

सन् १८०३ फ्रान्सका दार्शनिक सेन्ट साइमनले प्रजातान्त्रिक समाजवादबारे विचार प्रस्तुत गरे। यसैगरी सन् १८८३ मा बेलायतका दार्शनिक रोबर्ट ओमनले यसबारे व्याख्या गरे। सन् १८३० जुलाईमा बेलायतको औद्योगिक क्रान्तिबाट उदय भएको प्रजातान्त्रिक समाजवाद नै विश्वको उत्कृष्ट र विश्वभरि फैलिएको व्यवस्था हो । यही समाजवादलाई सन् १९४८ मा कार्लमार्क्सले फरक तरीकाले व्याख्या गरेको पाइन्छ ।

मुलुकमा मानव कल्याण, सामाजिक सुरक्षा, समान मौलिक हक, कर्तव्य पालनामा एकरूपताको मान्यताका आधारमा प्रजातान्त्रिक समाजवाद रहेको हुन्छ। यसविपरीत, साम्यवादी व्यवस्था हिंसात्मक राजनीति र सैनिक शक्तिका आधारमा गरिने हुनाले यस्तो शासनले जनताको भलो नगर्ने कुरामा विपीको अटुट विश्वास थियो । प्रजातान्त्रिक समाजवादमा बहुदलीय प्रजातान्त्रिक संसदीय शासन व्यवस्था अनुसार राज्य सञ्चालन हुन्छ । आर्थिक, राजनीतिक र सामाजिक असमानता हटाई समाजको सर्वपक्षीय विकास गर्नु प्रजातान्त्रिक समाजवादको लक्ष्य हो ।

नेपालमा विसं १९९७ सालमा नेपाल प्रजा परिषद्को स्थापना हुँदै विसं २००३ सालमा नेपाली काङ्ग्रेसको स्थापना, विसं २००७ सालमा राजनीतिक परिवर्तन र विसं २०१२ सालदेखि नेपाली काङ्ग्रेसले समाजवादी नीति अवलम्बन गरेको देखिन्छ । त्यसै बेलादेखि नेपालमा प्रजातान्त्रिक समाजवादको खोजी, प्राप्ति र अभ्यास हुँदै आएको देखिएको छ । विसं २०३३ सालमा विपी कोइरालाले ल्याएको राष्ट्रिय मेलमिलाप नीतिले सहमति, सहकार्य र एकताको मार्ग रोजेको पाइन्छ। विपी कोइरालाले प्रस्ताव गरेको राष्ट्रिय मेलमिलाप नीति समाजशास्त्रीय दृष्टिकोण (संरचनात्मक प्रक्रियावादसँग) नजीक भएको पाइन्छ ।

विपी कोइरालाले लिएको नीति र सिद्धान्तका आधारमा स्थापित पार्टी नेपाली काङ्ग्रेसको अगुवाइमा मुलुकका सबै ठूला राजनीतिक परिवर्तन हुँदै आएको र जनताको हक अधिकारका लागि लड्दै आएको कुरा कसैले नकार्न सक्दैन । रामायण पाठ गरेजस्तै विपीवादको पाठ गरिरहनुभन्दा त्यसमा समानुकूल संशोधन, परिमार्जन गर्दै व्यावहारिक बनाउन सक्यौं भने मात्र विपीप्रति न्याय गरेको मानिने छ ।

प्रजातन्त्र, स्वतन्त्रता र समाजवाद एक अर्काका पूरक हुन् । समाजमा नागरिक स्वतन्त्रता, राजनैतिक स्वतन्त्रता र समानता प्रजातान्त्रिक समाजवादी व्यवस्थामा मात्र हुने र आर्थिक समानता तथा सामाजिक न्यायसहितको व्यवस्था हो । नेपाली काङ्ग्रेसले लोकतान्त्रिक समाजवादको माध्ययमबाट मानव समाजमा रहेका जातजाति, वर्ग, लिङ्ग र सम्प्रदायलाई हक र अधिकार दिलाउन सकिन्छ भन्ने कुरा विपीले त्यसबेला नै ठम्याइसकेका थिए । प्रजातान्त्रिक समाजवादी मूल्य–मान्यतालाई पहिलो मान्यता दिंदै मानव अधिकार, समानता र स्वतन्त्रता नै प्रजातान्त्रिक समाजवादका मुख्य आधारहरू हुन् ।

विपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवादी सिद्धान्तमा प्रत्येक नागरिकलाई आर्थिक, धार्मिक, राजनीतिक, सामाजिक, पारिवारिक, सांस्कृतिक स्वतन्त्रताको कल्पना गरिएको छ । सबै नेपाली जनतालाई एक घर, एक टुक्रा खेत, एउटा दुहुनो गाई, औषधि उपचारको उचित व्यवस्था, बालबालिकालाई उचित शिक्षाको व्यवस्था गरेर मध्ययम वर्गीय समाज निर्माण गर्नु प्रजातान्त्रिक सामाजवादको न्यूनतम आधार भन्ने कुरा नै विपीको प्रजातान्त्रिक समाजवाद हो । विपीको त्यस बेलाको विचारमा प्रजातन्त्रको सार्थकता संसदीय शासन प्रणालीमा रहेको हुन्छ। जुन देशमा सक्रिय संसदीय व्यवस्था हुन्छ त्यस देशमा राजनीतिक अन्तर्क्रिया हुन्छ। नागरिकको मौलिक हक, कर्तव्य सुनिश्चित गर्न विभिन्न ऐन, नियम र कानून निर्माण गर्दै सरकारको जनहितविपरीत गतिविधि एवं निर्णय सच्याउन प्रतिपक्ष र न्यायालयले दबाब दिन्छ । संसद्प्रति आस्था हुनेले मात्र संसदीय गरिमाको उच्च मूल्याङ्कन गर्छ। संसद्प्रति आस्था भनेको प्रजातन्त्रप्रति अटुट आस्था र अनवरत चिन्तनसहितको अभ्यास हो ।

समय र परिस्थिति अनुसार समाजवादको लक्ष्य फरक–फरक हुने गर्दछ । जस्तै अमेरिकामा अब्राहम लिंकनले गोरा र कालाबीचको भेद हटाउनु, भारतमा महात्मा गाँधीले चलाएको भारत छोडो आन्दोलनबाट औपनिवेशिक शासनको अन्त्य हुनु, अफ्रिकामा नेल्सन मन्डेलाको नेतृत्वमा काला तथा पिछडिएका वर्ग र जातजातिहरूको मौलिक हक प्राप्तिका लागि आन्दोलन हुनु प्रजातान्त्रिक समाजवादप्रति लक्षित गतिविधि हुन् ।

विपी कोइरालाले आध्यात्मिक चिन्तन, धर्मका विषयमा तटस्थ रही जो कोहीले चाहेको धर्म, आध्यात्मिक चिन्तन, दर्शन अवलम्वन गर्ने स्वतन्त्रता प्रजातान्त्रिक समाजवादमा हुने बताएका थिए ।

कम्युनिस्ट शासन प्रणालीलाई सर्वप्रथम प्रयोग गर्ने तत्कालीन सोभियत सङ्घ हो भने यस सिद्धान्तका अनुयायी देशहरूमा जनवादी गणतन्त्र चीन, उत्तर कोरिया, क्युबालगायत मुलुक हुन्। कार्ल मार्क्सले राज्य र वर्गविहीन समाजको एकदलीय साम्यवादी सिद्धान्तलाई समाजवादको संज्ञा दिएका छन् । उनले कल्पना गरेको समाजवाद अन्तर्गत वर्ग सङ्घर्ष गर्दै, वर्ग–शत्रु उन्मूलन, सांस्कृतिक क्रान्ति, सम्पत्तिको सरकारीकरण गर्दै सर्वहारा वर्गको नेतृत्वमा राज्य, धर्म, दल, संस्कृतिविहीन केवल आर्थिक राज्यको परिकल्पना गरिएको छ। आर्थिक समानताको कुरा गर्दा राजनीतिक, सांस्कृतिक, धार्मिक पक्षलाई मार्क्सको वैज्ञानिक साम्यवाद (समाजवाद) ले बिर्सेको छ। त्यसैले विपी कोइरालाको प्रजातान्त्रिक समाजवाद नै कार्ल मार्क्सको वैज्ञानिक साम्यवाद हो भन्दा केही फरक पर्दैन ।

माओले चीनमा एकदलीय कम्युनिस्ट सिद्धान्त लागू गरे, दमनको राजनीति गरे । वर्ग–शत्रु उन्मूलनको नाममा विपक्षको सर्वनाश गरे, मौलिक हक र स्वतन्त्रताको वास्ता नगरी स्वेच्छाचारी, सर्वसत्तावादी सिद्धान्तका आधारमा शासन गरे ।

अन्त्यमा विपीले परिकल्पना गरेको प्रजातान्त्रिक समाजवादलाई अहिलेका काङ्ग्रेसी नेता–कार्यकर्ताहरूले चटक्क बिर्सेको दृष्टान्तले सिद्धान्तमा अडान राख्ने नेताहरूको कति छाती पोल्दो हो ! विपीको उद्धरण–"विकासित मुलुकहरूको तडकभडक देखेर त्यसैमा हुरूक्क भई हामी विकासलाई रोमान्टिक वस्तु नठानौं" ।

# सर्लाहीमा महिलाको जनसङ्ख्या घट्दोः लिङ्ग पहिचान गर्दै भ्रूण हत्या

मलङ्गवा, २७ माघ/रासस

नेपालमा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढेको भएपनि सर्लाहीमा महिलाको जनसङ्ख्या घटेको छ ।

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक नतीजा अनुसार सर्लाहीमा पुरुषभन्दा महिलाको जनसङ्ख्या घटेको हो। प्रारम्भिक नतीजा अनुसार सर्लाहीमा पुरुषभन्दा महिलाको जनसङ्ख्या नौ हजार ४०४ ले घटी हो। सर्लाहीको कुल जनसङ्ख्या आठ लाख ५७ हजार ३६० मध्ये पुरुष चार लाख ३३ हजार ३८२ र महिला चार लाख २३ हजार ९७८ रहेको छ ।

सर्लाहीका २० स्थानीय तहको जनसङ्ख्याको नतीजा समुदायस्तरमा पनि फरक पाइएको छ। सर्लाहीमा पहाडी समुदायको बाहुल्यता रहेको वाग्मती, हरिवन, लालबन्दी र ईश्वरपुर नगरपालिकामा पुरुषभन्दा महिलाको जनसङ्ख्या बढी रहेको छ भने मधेसी समुदायको बाहुल्यता रहेका पालिकाहरूमा पुरुषभन्दा महिलाको जनसङ्ख्या घटेको पाइएको छ ।

विंस २०६८ को जनगणना अनुसार सर्लाहीको जनसङ्ख्या सात लाख ६९ हजार ७२९ रहेको थियो। तीमध्ये पुरुषको जनसङ्ख्या तीन लाख ८९ हजार ७५६ अर्थात् ५१ प्रतिशत र महिलाको जनसङ्ख्या ३ लाख ७९ हजार ९७३ अर्थात् ४९ प्रतिशत थियो। छोरीभन्दा छोराको बढी चाहना र दाइजो प्रथालगायतका कारण यहाँ महिलाको जनसङ्ख्या घट्दै गएको सङ्घीय जनसङ्ख्या कोष सर्लाहीका जिल्ला संयोजक बच्चालाल महतोले बताए। विशेषगरी मध्यम वर्गका व्यक्तिहरूले गैरकानूनीरूपमा लिङ्गको पहिचान गरी गर्भपतन गराउने गरेका कारण सर्लाहीमा महिलाको जनसङ्ख्या घट्दै गएको उनको भनाइ छ ।

"विपन्न तथा गरीब परिवारलाई आर्थिक समस्या छ, फलस्वरूप उनीहरू भिडियो एक्स–रे गराउन जाँदैनन् तर मध्यम वर्गका व्यक्तिहरूले लिङ्गको पहिचान गरी गर्भमा छोरी छ भने त्यसलाई गर्भपतन गराउने गरेको देखिन्छ," उनले भने, "यहाँ गैरकानूनीरूपमा लिङ्ग पहिचान गर्ने र मेरी स्टोप्सजस्ता नेपाल सरकारको मान्यताप्राप्त स्वास्थ्य संस्थामा वैध तथा निजी स्वास्थ्य संस्थामा अवैधरूपमा गर्भपतन गर्ने गरिएको छ ।" पछिल्लो समय लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्ने चलन यहाँ बढेको पाइन्छ । यसले छोराछोरीमा भेदभाव त भएकै छ, महिलाको स्वास्थ्यमा पनि गम्भीर समस्या देखिने गरेको उनको भनाइ छ। उनले पुरुषहरू कामविशेषले घरबाहिर गएका कारण कतिपयको जनगणनामा छुटेको पनि हुन सक्छ भन्दै पुरुषको यकीन तथ्याङ्क आएमा जिल्लामा महिलाको जनसङ्ख्या अझै घट्न सक्ने बताए ।

महिला र पुरुषको जनसङ्ख्यामा देखिएको असन्तुलनको परिणाम पनि सर्लाहीमा देखिन थालेको महिला मानव रक्षक सञ्जाल सर्लाहीकी अध्यक्ष रम्भा झाले बताइन् । लिङ्गको पहिचान गरी भ्रूण हत्या, दहेज प्रथा र घरेलु हिंसालगायतका कारण सर्लाहीमा महिलाको जनसङ्ख्या घट्दै गएको उनको भनाइ छ । छोरीलाई पढाउनुको सट्टा विवाहका लागि दहेज दिनुपर्ने गलत सोचाइका कारण छोरीलाई गर्भमैं हत्या गरिंदै आएको पनि उनले बताइन् । "लिङ्गका आधारमा बढी गर्भपतन हुन थालेका छन्," उनले भनिन्, "सुरक्षित गर्भपतनको अधिकार दुरुपयोग भएको छ । यसको प्रभावकारी अनुगमन हुनुपर्छ।"

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## राज्यको आय स्रोतः अज्ञानी नेता र सोझा जनता

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**आर्थिक विकासका सम्भावनाको खोजी नेताहरूको भाषणमा होइन, हाम्रो आफ्नै प्रयत्नले गर्नुपर्छ । आर्थिक समृद्धि प्राप्त गर्ने हाम्रो इच्छाशक्तिमा खोज्नुपर्छ । गाउँ–घरमा खोज्नुपर्छ । यो तथ्य हामी सोझा जनता र अज्ञानी नेता, दुवैले बुझ्न अति आवश्यक छ ।**

देशभित्र सडक, पुल, सार्वजनिक भवन, अस्पताल, कलेज, पार्क, सङ्ग्रहालय, रङ्गशाला, सभा भवन आदि निर्माण गर्न तथा अन्य किसिमका विकास कार्य गर्न राज्यलाई कोषको आवश्यकता पर्दछ । यसैगरी राष्ट्रसेवक कर्मचारीको तलब भुक्तान गर्न, उनीहरूलाई निवृत्ति भरण दिन र अन्य विभिन्न किसिमका भइपरी आउने खर्च भुक्तान गर्न राज्यलाई कोषको अवश्यकता पर्दछ । सङ्क्षेपमा भन्ने हो भने राज्यले गर्ने अनेक किसिमका खर्चहरूको भुक्तानी गर्न राज्यलाई निरन्तर कोषको आवश्यकता पर्दछ । अब यहाँ प्रश्न उठ्छ, उपरोक्त अनेक किसिमका खर्चको भुक्तानी दिन राज्यलाई आवश्यक पर्ने कोषको व्यवस्था सरकार मार्फत राज्यले कसरी गर्छ ?

उपरोक्त प्रश्नलाई राम्ररी बुझ्न आवश्यक छ । मुख्यगरी अज्ञानी नेता र सोझा जनताले बुझ्न आवश्यक छ । सोझा जनताले किन बुझ्न आवश्यक छ भने यस किसिमको गहन विषय थाहा पाएमा अज्ञानी नेताहरूले चुनावको बेला उनीहरूले दिने झूटो आश्वासनबाट बच्न सकिन्छ । चुनावको समयमा, चुनावमा विजय हासिल गरेर पद, शक्ति वा सत्ता प्राप्त गर्न नेताहरूले गर्ने अनेक झूटो आवश्वासनबाट पर रहन सकिन्छ । चुनावको बेला आफू विजयी भए कृषकलाई मल, बीउ निश्शुल्क उपलब्ध गराउने, कृषकलाई पनि कर्मचारीहरूझैं निवृत्तिभरण दिने, वृद्धवृद्धालाई स्वास्थ्य सेवा र औषधि निश्शुल्क उपलब्ध गराउने, सडक, पूल, बाँधहरू निर्माण गर्नेजस्ता अनेक वाचा गरेका हुन्छ । यसैगरी गाउँ एवं शहरका युवाहरूलाई रोजगार उपलब्ध गराउने भनेका हुन्छन् । नेताहरूले भनेका उपरोक्त कार्य गर्नका लागि राज्य आर्थिकरूपमा बलियो हुनुपर्छ । राज्य आर्थिकरूपमा बलियो छ भने मात्र नेताहरूले भनेका त्यस्ता सेवा र सुविधा जनतालाई प्रदान गर्न सकिन्छ ।

देशभित्र अनेक किसिमका विकास एवं निर्माणका कार्य गर्न राज्यले कसरी कोष प्राप्त गर्दछ ? आउनुस् पहिले त्यसबारे छलफल गरौं । यो विषयलाई खुलस्त पारेमा नेताहरू आफ्ना वाचा पूरा गर्न वा राज्य सक्षम हुन्छ कि हुँदैन भन्ने यथार्थ बुझ्न सजिलो हुन्छ ।

राज्यले प्राप्त गर्ने आम्दानी वा राजकीय कोषको निर्माण जनताले भुक्तान गरेको करबाट हुन्छ । जनताले राज्यलाई कर भुक्तान गर्छ । राज्यले प्राप्त गरेको त्यो कर नै राज्यको कोषको स्रोत हो । जनताले राज्यलाई भुक्तान गर्ने कर मुख्यगरी दुई किसिमको हुन्छ । पहिलो, जनताले केही सामग्री खरीद गर्दा कर भुक्तान गर्छ । दोस्रो, कुनै किसिमको आम्दानी प्राप्त गर्दा त्यो आम्दानी गरे बापत कर तिर्छ । यसैगरी व्यापारीहरूले पनि लाभ प्राप्त गर्दा त्यस बापत कर भुक्तान गर्छन् । यसबाहेक जनताले राज्यलाई अन्य विभिन्न किसिमका शुल्कहरू तिर्ने गर्छ । यसरी राष्ट्रका सम्पूर्ण नागरिकले भुक्तान गरेको कर एवं शुल्कहरू नै राज्यको एक मात्र कोष हुन पुग्छ । र राज्यले त्यही कोषबाट अनेक किसिमका खर्चहरूको भुक्तानी गर्छ ।

धनी देशहरूमा धनी नागरिकहरूको सङ्ख्या धेरै हुने र व्यापारिक कार्यहरू पनि ठूलो आकार एवं सङ्ख्यामा हुने भएकोले धनी देशहरूको राजकीय कोष बलियो हुन्छ । यो कारणले गर्दा धनी राष्ट्रहरूले ठूला–ठूला खोज एवं अनुसन्धानात्मक कार्यमा ठूलो लगानी गर्न सक्छन् । अन्तरिक्षमा पुगेर अनेक किसिमका खोज एवं अनुसान्धान गर्न सक्छन् । चन्द्रमा वा मङ्गलग्रहमा बस्ती बसाउने योजना गर्न सक्छन् । सर्वाधिक नयाँ एवं जीवन रक्षा गर्ने अनेक किसिमका औषधिहरूको आविष्कार गर्न सक्छन् । आर्थिक एवं सामाजिक विकासका पूर्वाधारहरूमा ठूलो लगानी गर्न सक्छन् । जापान एवं अमेरिकाका केही व्यापारीहरू चालकरहित (self–driving) कारहरू निर्माण गरेर बजारमा ल्याउने प्रयास गरिरहेका छन् । कतिपय स्थानमा चालकरहित कारको परीक्षण सञ्चालनसमेत पनि भइसकेको छ भने कतिपय देशहरूले निर्धारित स्थानमा चालकरहित कार सञ्चालन गर्ने अनुमति दिएका छन् ।

गरीब देशहरूमा धनी नागरिकहरूको सङ्ख्या कम भएकोले गरीब राष्ट्रहरूको राजकीय कोष कमजोर हुन्छ । गरीब राष्ट्रहरूले आफ्ना नागरिकबाट करको माध्यमबाट राम्रो आय प्राप्त गर्नुको साटो, उल्टो गरीब नागरिकहरूलाई आर्थिक सहयोग गर्नुपर्ने हुन्छ । केही महीना पहिले, समाचारहरूमा उल्लेख भए अनुसार, अफगान सरकारसँग आफ्ना देशका शिक्षक एवं कर्मचारीहरूलाई पारिश्रमिक भुक्तान गर्न राजकीय कोषमा रकम थिएन । लेबेनान, यमनजस्ता गरीब राष्ट्रहरूको आर्थिक स्थिति पनि यस्तै कारणले गर्दा नाजुक छ ।

गरीब राष्ट्रहरूको राजकीय कोष कमजोर हुने भएकोले नै विकास एवं निर्माण कार्य गर्नका लागि ती राष्ट्रहरूले अन्य विभिन्न राष्ट्रहरूसँग ऋण लिन्छन् । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाबाट ऋण लिन्छन् । नेपालको पनि राजकीय कोष कमजोर भएकोले सरकारले विभिन्न किसिमका खर्चहरूको भुक्तानी गर्न राष्ट्रिय कोषमा पर्याप्त रकम नभएकोले विभिन्न दाता राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूबाट ऋण, सहयोग, अनुदान लिनुपर्छ, लिइ पनि रहेको छ ।

ठूलो सङ्ख्यामा गरीबहरूको बसोवास रहेको, लाखौं व्यक्तिहरू कर भुक्तान गर्न सक्ने स्थितिमा नरहेको, व्यापारिक कार्यहरू सङ्ख्यात्मक र परिणात्मक दुवै किसिमले कम रहेको, निर्यातको तुलनामा आयात अति उच्च रहेको, आम्दानीको प्रमुख स्रोतको रूपमा रेमिट्यान्स रहेको, कृषि उत्पादन सन्तोषजनक नरहेको र यस्ता अनेक कारणहरूले नेपालको राजकीय कोष कमजोर रहेको स्थितिमा कुनै नेताले चुनाव जित्न–म विजयी भएमा, म प्रधानमन्त्री भएमा युवाहरूलाई बेरोजगार भत्ता प्रदान गर्ने व्यवस्था मिलाउँछु भन्दैमा के युवाहरूले बेरोजगार भत्ता पाउने छन् त ? नेपालको राजकीय कोषले देश भित्रका सम्पूर्ण बेरोजगारी युवाहरूलाई मासिक भत्ता दिन सक्ला त ? यसैगरी कुनै नेताले, चुनावको बेला–म विजयी भएमा देशका सम्पूर्ण नागरिकलाई निश्शुल्क स्वास्थ्य सेवा एवं औषधि उपलब्ध गराउने छु भनी वाचा गर्छ भने के त्यो नेताले त्यो वाचा पूरा गर्न सक्ला ? कुनै नेताले, यसैगरी चुनावको बेला म देशका सम्पूर्ण कृषकलाई निश्शुल्क बीउ, मल उपलब्ध गराउँछु, बालीको बीमा गर्ने व्यवस्था पनि मिलाउँछु भनी वाचा गरेमा के त्यो नेताको त्यो बाचा पूरा होला ?

उपरोक्त किसिमका वाचा गरेर नेताहरू लोकप्रिय हुन सक्छन् । उनीहरू र उनीहरूको दल चुनावमा विजयी हुन सक्ला । उनीहरूको दलको सरकार पनि बन्ला । तर उनीहरूले गर्ने त्यस्ता वाचा पूरा हुन सक्तैन । हाम्रो देशको आर्थिक स्थितिले नेताहरूले गर्ने त्यस्ता वाचाहरू पूरा गर्ने क्षमता राखदैन । त्यस कारण त्यस्ता नेताहरूको वाचामा विश्वास गर्नु र उनीहरूको वाचामा विश्वास गरेर उनीहरूको दलको झन्डा बोक्नुको कुनै अर्थ छैन ।

सरकारले आगामी वैशाखमा स्थानीय चुनाव हुने घोषणा गरेको छ । चुनावको बेला नेताहरूले माथि भनिएजस्तै अनेक वाचा गर्नेछन् । तर हामीले यो विचार गर्नुपर्छ कि नेताहरूले गर्ने त्यस किसिमका वाचाहरू पूरा गर्ने क्षमता हाम्रो राष्ट्रको राजकीय कोषले राख्छ कि राख्दैन । अनेक आर्थिक फाइदाहरू उपलब्ध गराउने वाचा गरेर एउटा अति अक्षम व्यक्ति पनि चुनावमा विजयी भएर प्रधानमन्त्रीसमेत बन्न सक्छ । यो कुरा हामीले मनन गर्न आवश्यक छ ।

कुनै पनि राष्ट्र धनी हुनका लागि त्यस राष्ट्रमा गरीबहरूको सङ्ख्या कम र धनीहरूको सङ्ख्या उच्च हुनुपर्छ । अर्थात् निरपेक्ष गरीबीको रेखामुनि हुनु न्यून मात्र परिवार हुनुपर्छ । हाम्रो नेपालमा धेरै परिवार निरपेक्ष गरीबीको रेखामुनि छ । लाखौंको सङ्ख्यामा छ ।

देशलाई धनी बनाउन स्थानीय स्तरमा उपलब्ध साधन एवं स्रोतको उपयोग गर्न जोड दिनुपर्छ । आर्थिक विकासका लागि केन्द्रीय सरकारको भर पर्ने परम्परा परित्याग गरी स्थानीय सरकारहरू, गाउँहरू सक्रिय हुनुपर्छ । सडक, पुल, विद्यालय, विश्वविद्यालय, अस्पताल, ऊर्जा गृह, जल भण्डारजस्ता आवश्यक पूर्वाधार निर्माण एवं विस्तार स्थानीय सरकारहरूको एकीकृत प्रयासमा हुनु पर्दछ । उपरोक्त पूर्वाधारहरूको निर्माण नेताहरूको वाचाबाट हुँदैन, स्थानीय व्यक्ति एवं सरकारको प्रयास र प्रयत्नले हुन्छ ।

हामी सबैले के मानेका वा बुझेका छौं भने हामीले माग गरेका सबै कुरा सरकारले पूरा गर्न सक्छ । सरकारले चाहेमा देशभरिका सम्पूर्ण गरीब कृषकलाई निश्शुल्क बीउ, मल, सिंचाइ, कृषि औजार उपलब्ध गराउन सक्छ । उनीहरूको बालीको बीमा गरिदिन सक्छ । कृषकहरूलाई फाइदा हुने मूल्यमा उनीहरूको उत्पादन खरीद गरिदिन सक्छ । अब हामी स्वयं विचार गरौं कि ठूलो सङ्ख्यामा गरीबको बसोवास रहेको र राजकीय कोष कमजोर रहेको स्थितिमा हाम्रो सरकारले के कृषकहरूलाई ती सुविधा उपलब्ध गराउन सक्ला ?

त्यसकारण आर्थिक विकासका सम्भावनाको खोजी नेताहरूको भाषणमा होइन, हाम्रो आफ्नै प्रयत्नले गर्नुपर्छ । आर्थिक समृद्धि प्राप्त गर्ने हाम्रो इच्छाशक्तिमा खोज्नुपर्छ । गाउँ–घरमा खोज्नुपर्छ । यो तथ्य हामी सोझा जनता र अज्ञानी नेता, दुवैले बुझ्न अति आवश्यक छ ।

## आन्तरिक राजस्व कार्यालय, सिमराद्वारा छ महीनामा छ अर्ब राजस्व सङ्कलन

प्रस, जीतपुर, २७ माघ/

आन्तरिक राजस्व कार्यालय, सिमराका प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारीले चालू आव २०७८/७९ को साउन–पुस छ महीनामा लक्ष्यभन्दा १०६ प्रतिशत अर्थात् रु ६ अर्ब ७ करोड ९२ लाख ५१ हजार राजस्व सङ्कलन भएको जानकारी गराएका छन् ।



प्रमुख कर अधिकृत नारायणप्रसाद भण्डारी

गत आव २०७७/७८ को साउन–पुस छ महीनाभन्दा चालू आवको साउन–पुस छ महीनामा रु १ अर्ब राजस्व बढी सङ्कलन भएको कर अधिकृत हृदयनारायण महतोले बताए ।

आयकर ८५ प्रतिशतले रु ४० करोड १३ लाख ७८ हजार, घरबहादल कर ४२ प्रतिशतले रु १ करोड २९ लाख २४ हजार, ब्याज कर ३३ प्रतिशतले रु १ करोड २१ लाख ९९ हजार, मूल्य अभिवृद्धि कर ४८ प्रतिशतले रु ३९ करोड ९८ लाख २७ हजार, अन्तःशुल्क १०४ प्रतिशतले रु ३ अर्ब ८३ करोड २८ लाख ५६ हजार, स्वास्थ्य सेवा शुल्क २०६ प्रतिशतले रु १ अर्ब ४२ करोड ५० हजार, शिक्षा सेवा कर १७ प्रतिशतले रु १७ हजार सङ्कलन गरिएको कर अधिकृत महतोले जानकारी गराए ।

कोरोना महामारीले गर्दा यस कार्यालयका बारा र रौतहट जिल्लाका करदाताहरूले गत वर्षभन्दा चालू आवमा नियमित तथा बक्यौता कर दाखिला गरेकाले यो आवमा कर बढी सङ्कलन भएको उनले बताए । अहिलेसम्म यस कार्यालयमा १३ हजार पाँच सय ३७ करदाता रहेको प्रमुख कर अधिकृत भण्डारीले बताए ।

## निश्शुल्क लोकसेवा तालीम

प्रस, वीरगंज, २७ माघ/

नेपाल सीप विकास परामर्श केन्द्र, वीरगंजको आयोजनामा बिहीवारदेखि जीतपुरसिमरा उपमहानगर–२ मा लोकसेवा तयारी कक्षा शुरू भएको छ ।





वडा कार्यालयको आर्थिक सहयोगमा आजदेखि खरिदार र नासु तहका परीक्षार्थीहरूलाई निश्शुल्क तयारी कक्षा सञ्चालन गरिएको परामर्श केन्द्रले जनाएको छ ।

सिमरास्थित मनकामना इन्स्टिच्युटमा वडाध्यक्ष तिलकबहादुर श्रेष्ठले तयारी कक्षाको उद्घाटन गरेका थिए ।

कार्यक्रममा नगरकार्यपालिका सदस्य सुमित्रा कार्की, वडासदस्य रामचन्द्र अधिकारी, परामर्श केन्द्रका प्रतिनिधि रेखा घिमिरेलगायतले मन्तव्य व्यक्त गरेका थिए । सो लोकसेवा तयारी कक्षामा ४० जनालाई निश्शुल्क तालीम दिइने बताइएको छ ।

## साढे पाँच किलोको सखरखण्ड

प्रस, गरुडा, २७ माघ/

रौतहटको गरुडा नगरपालिका–२ का एक साधारण किसानले लगाएको सखरखण्ड साढे पाँच किलोको फलेको छ ।



साढे पाँच किलोको सखरखण्ड देखाउँदै किसान पुलिस साह कानु

गरुडा–२ पुर्नी गेडहीका करीब ८० वर्षीय किसान पुलिस साह कानुले आफ्नो घडेरीमा रोपेको सखरखण्डमा साढे पाँच किलोको एउटा सखरखण्ड फलेको देखिएको छ । घडेरीमा रोपेको सखरखण्ड खन्ने क्रममा कल्पना गरिएकोभन्दा धेरै ठूलो फलेको पाएपछि आफूहरू आश्चर्यचकित भएको साहको भनाइ छ । करीब असी वर्षको उमेरसम्म कतै यति ठूलो सखरखण्ड फलेको आफूले नसुनेको र नदेखेको अवस्थामा आफ्नै घडेरीमा साढे पाँच किलोको सखरखण्ड फलेपछि आश्चर्य लागेको उनी बताउँछन् ।

झन्डै फर्सीको आकारको जस्तो देखिने ठूलो सखरखण्डलाई जोखेर हेर्दा साढे पाँच किलो तौलको भएको बताउँदै किसान पुलिस साह कानु भन्छन्– गाउँलेहरू सबैले प्रशंसा गरेका छन् ।

यति ठूलो सखरखण्ड फले पनि कतैबाट कुनै किसिमको सहयोग नभएको साहको गुनासो छ । अति विशाल सखरखण्ड फलेको कारण आफूले कतैबाट सहयोग पाउनुपर्ने वा पुरस्कृत हुनुपर्ने उनी बताउँछन् । नमूना काम हुन गएकोले कतैबाट सहयोगको अपेक्षा किसान साहले राखेका छन् ।

गरुडा नगरपालिकाको कार्यालयले आफूलाई सहयोग गरिदिए हुन्थ्यो भन्ने चाहना किसान साहको रहेको छ ।

## भौतिक उपस्थितिमैं वैशाख ९ गतेदेखि एसइई परीक्षा हुने

भक्तपुर, २७ माघ/रासस

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी वैशाख ९ गते बिहान ८ बजेदेखि शुरू हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको बैठकले यस वर्षको एसइई परीक्षा वैशाख ९ गतेदेखि शुरू भएर २० गते सम्पन्न गर्ने निर्णय गरेसँगै बोर्डले बिहीवार तालिका सार्वजनिक गरेको छ ।

बिहान ८ देखि ११ बजेसम्म सञ्चालन हुने परीक्षा आगामी वैशाख २० गतेसम्म सञ्चालन हुने अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । बोर्डले सार्वजनिक गरेको तालिका अनुसार परीक्षाको पहिलो दिन शुक्रवार अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा हुनेछ । सोही दिन वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत भाषा र साहित्यको पनि परीक्षा हुनेछ ।

वैशाख ११ गते आइतवार अनिवार्य गणित, १२ गते सोमवार अनिवार्य नेपाली र गैर नेपाली विद्यार्थीका लागि अङ्ग्रेजीको परीक्षा हुनेछ । वैशाख १३ गते आइतवार अनिवार्य विज्ञान र वेदविद्याश्रम अनिवार्य संस्कृत व्याकरण र अनुवादको परीक्षा हुने भएको छ । वैशाख १४ गते अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेन्ट, मार्केटिङ, इन्जिनीयरिङ, ड्रइङ, कम्प्युटर परपियरिङ र मेन्टेनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ ।

यसैगरी, वैशाख १५ गते अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रमतर्फ वेद वा नीतिशास्त्र, प्राविधिकतर्फ ऐच्छिक प्रथमका सबै विषयको परीक्षा हुनेछ भने प्राविधिकतर्फ एग्रिकल्चर, इलेक्ट्रिकल म्यानेजमेन्ट, कम्प्युटर नेटवर्किङ, इन्जिनीयरिङ सर्भेइङको परीक्षा हुनेछ ।

त्यस्तै, वैशाख १६ गते साधारण तथा संस्कृततर्फका ऐच्छिक प्रथमका सबै विषय, संस्कृततर्फ अनिवार्य संस्कृत शिक्षा, वेदविद्याश्रमतर्फ ऐच्छिक विषय र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ भने वैशाख १७ गते शनिवार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयका विषय, वेदविद्याश्रमतर्फ कर्मकाण्ड वा फलित ज्योतिष, प्राविधिकतर्फ भेजिटेबल एन्ड मेडिसिनल प्लान्ट प्रोडक्शन, डेरी, इलेक्ट्रिकल इनर्जी, डाटाबेस म्यानेजमेन्ट सिस्टम, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ ।

वैशाख १८ गते प्राविधिक विषयतर्फ क्रप प्रोडक्शन, स्मल रूमेन्ट प्रोडक्शन एन्ड म्यानेजमेन्ट, इलेक्ट्रोनिक्स डिभाइस एन्ड सर्किट, वाटर रिसोर्सेस र इन्जिनीयरिङको परीक्षा हुनेछ । वैशाख १९ गते प्राविधिक विषयतर्फ नै एनिमल हेल्थ, इलेक्ट्रिकल मेशिन, माइक्रो प्रोसेस, हाइवे इन्जिनीयरिङ, म्युजिक बिजनेश एन्ड प्रोग्राम म्यानेजमेन्टको परीक्षा हुनेछ ।

अन्तिम दिन वैशाख २० गते प्राविधिकतर्फ नै फ्लोरिकल्चर एन्ड नर्सरी म्यानेजमेन्ट, भेटेरिनरी ल्याब्रोटरी टेक्निक, इन्डस्ट्रियल इन्स्टलेशन एन्ड मेन्टेनेन्स, अब्जेक्ट खोरेन्टेड प्रोग्रामिङ,

(बाँकी चौथो पातामा)

# समृद्धिको यात्रामा सिमेन्ट उद्योग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**नेपालमा पाइने चुनढुङ्गाको गुणस्तर राम्रो भएकोले यहाँको सिमेन्टको गुणस्तर राम्रो मानिन्छ। अहिलेसम्म गुणस्तरमा समस्या देखिएको छैन। भारत र नेपालको सिमेन्टको गुणस्तर लगभग उस्तै हो। तर भारतमा उत्पादन लागत कम हुन्छ र उनीहरूसँग सिमेन्टको प्रकार पनि धेरै छ।**

नेपाल र विशेषगरी मधेस प्रदेशको भारतीय सीमा नाकाको वरिपरिका भारतीय बजारमा सिमेन्ट उद्योग छैन। तर भारतीय सीमा नजीकै नेपाली बजारमा सिमेन्ट उद्योगहरू सञ्चालित छन्। नेपालमा सिमेन्टका लागि अत्यावश्यक कच्चा पदार्थ प्रचुर मात्रामा उपलब्ध छ। पछिल्ला दिनमा नेपालमा सिमेन्टको उत्पादन तीव्ररूपमा बढिरहेको छ र यससम्बन्धी उद्योग पनि त्यत्तिकै मात्रामा खुलिरहेका छन्। उद्योग स्थापनाका लागि विद्युत्बाहेक अन्य पूर्वाधार बनाउने काम अरू देशको तुलनामा यहाँ सस्तो छ। ज्यालादर पनि सस्तो छ। अहिलेसम्म नेपालमा महँगो परेको विद्युत् आपूर्ति नै हो। तर यसै वर्षदेखि विद्युत्को माग पूरा गर्न सक्ने गरी उत्पादन बढिरहेको छ। यसले उद्योग सञ्चालनमा थप सहजता ल्याउने निश्चित छ। यसरी आन्तरिकरूपमा आत्मनिर्भर हुँदै गएको सिमेन्ट उद्योग निर्यातको आशाले थप चलायमान भइरहेको छ।

यो प्रदेशको सीमा क्षेत्रको भारतीय भूमिमा पूर्वाधार निर्माणले तीव्रता पाइरहेको छ। यस्तो स्थितिमा भारतीय बजारबाट सिमेन्ट ल्याउनुभन्दा मधेस प्रदेशबाट सिमेन्ट लैजाँदा सस्तो र सहज हुन सक्छ। प्रदेश सरकारले सिमेन्टको उत्पादन लागत घटाउन नीतिगत र प्रक्रियागत सहयोग गरेको अवस्थामा यहाँको सिमेन्टका लागि भारत मात्रै होइन, बङ्गलादेश पनि ठूलो बजार हुन सक्छ। नेपाल र मधेस प्रदेश आफैं पनि पूर्वाधारका क्षेत्रमा पर्याप्त सम्भावना भएको र धमाधम नयाँ–नयाँ परियोजना बनिरहेको प्रदेश हो। शहरीकरण र मध्यमवर्गको बढ्दो जनसङ्ख्याले बनाउने घरदेखि सडक, सिंचाइ र कृषिजस्ता क्षेत्रमा सरकारी र निजी लगानी बढिरहेको छ। सिमेन्टको आन्तरिक खपत थप केही वर्षसम्म बढ्दै जाने प्रायः निश्चित छ। त्यसैले मधेस प्रदेशले भारत र बङ्गलादेशजस्ता तीव्ररूपमा आर्थिक विकास गरिरहेका छिमेकीको बजार लक्षित गरेर निर्यात गर्नेगरी सिमेन्ट उद्योगमा लगानी बढाउनुपर्ने देखिन्छ। यसका लागि प्रदेश सरकारले सिमेन्ट उद्योगमैत्री वातावरण निर्माण गर्न सक्नुपर्दछ।


हुनत यो प्रदेशले कृषिजन्य तुलनात्मक लाभका क्षेत्र गुमाउँदै गएको छ। म्यानुफ्याक्चरिङका परम्परागत क्षेत्रमा पनि यो प्रदेश पछि पर्दै गएको छ। चिनी, चुरोट, हस्तकलाका सामग्रीजस्ता क्षेत्रमा पछि पर्दै गएको मधेस प्रदेशले नयाँ सम्भावनाको क्षेत्र खोज्नैपर्छ। तीमध्ये एउटा महत्त्वपूर्ण क्षेत्र सिमेन्ट उद्योग हुन सक्छ र यो नै यो प्रदेशको महत्त्वपूर्ण निर्यातको वस्तु बन्ने निश्चित छ। तर भारतीय सिमेन्ट उत्पादक कम्पनीहरूसँग मूल्यमा प्रतिस्पर्धा गर्न त्यति सहज भने पक्कै छैन। भारततर्फ सिमेन्ट निर्यात गर्न मुख्यरूपमा दुईवटा चुनौती देखिन्छ। पहिलो मूल्य प्रतिस्पर्धा र दोस्रो भारतीय कस्टम ड्युटी र जिएसटी हो। केही गरी हामी मूल्यमा प्रतिस्पर्धा गर्न सक्ने भयौं भने पनि यहाँको सिमेन्ट भारतीय बजारमा पुऱ्याउन २९.८ प्रतिशत कर लाग्ने गरेको पाइन्छ। भारतको ठूलो जनसङ्ख्या भएको बिहारमा यो प्रदेशको राम्रो पहुँच छ। सिमेन्ट खपतका आधारमा पनि बिहार निकै अग्रणी छ। भारतीय सिमेन्टसँग मूल्यमा प्रतिस्पर्धा गर्न सक्यौं भने सीमा नजीकका भारतीय बजारमा यहाँ उत्पादित सिमेन्टको ठूलो सम्भावना देखिन्छ। तर, यसका लागि सबैभन्दा पहिले लागत मूल्य उल्लेखनीय रूपमा घटाउनुपर्ने देखिन्छ। सिमेन्ट उद्योग सञ्चालकहरूका अनुसार सिमेन्ट उत्पादनमा कच्चा पदार्थ, ऊर्जा, ब्याज, कर्मचारी र लजिस्टिकमा सबैभन्दा धेरै लगानी पर्दछ। यहाँ उत्पादन हुने सिमेन्ट उद्योगमा प्रतिकेजी औसत लागत रु. ११ परेको देखिन्छ भने भारतमा प्रतिकेजी उत्पादन मूल्य रु ८ मात्र पर्ने तथ्याङ्क छ। यहाँका उद्योगलाई आवश्यक पर्ने चुनढुङ्गा खानीबाट ओसार्न महँगो ढुवानी शुल्क, एल्युमिन, आइरन अक्साइड, कोल र जिप्समजस्ता कच्चा पदार्थ भारतबाट आयात गर्दा पर्ने ढुवानी, कर र सम्बन्धित अन्य खर्चका कारणले कच्चा पदार्थको औसत मूल्य अरू देशको तुलनामा निकै महँगो परेको देखिन्छ। भारतमा सिमेन्ट उत्पादन मूल्यमा २५/३० प्रतिशत मात्र कच्चा पदार्थले ओगट्छ भने यहाँ उत्पादन हुने सिमेन्टमा मूल्यको ५०/५५ प्रतिशत हिस्सा कच्चा पदार्थले लिएको अवस्था छ।

विशेषगरी ऊर्जा (विद्युत्), कच्चा पदार्थ र ढुवानी खर्चमा कटौती गरेर नै लागत कम गर्ने हो। सिमेन्ट उत्पादनमा ऊर्जा खर्चको अनुपात करीब ३० प्रतिशत देखिन्छ। क्लिङ्करको अनुपात कम गरेर र उर्जा न्यूनीकरण गर्ने खालका आधुनिक प्रविधिको प्रयोग गरी ऊर्जा खपत कम गर्न सकिन्छ। हुनत सरकारले उद्योगलाई चाहिएजति विद्युत्मा ५० प्रतिशतको सहुलियत दिने हो भने अहिले नै १५ प्रतिशतभन्दा बढीले नै लागत कम हुन्छ। यसका साथै सस्तो ब्याज दरमा ऋण उपलब्ध गराउने, कच्चा पदार्थ आयातमा भन्सार दर न्यून गर्ने र प्रदेश सरकारको आग्रहमा नेपाल सरकारले भारतीय बजारमा यहाँ उत्पादित सिमेन्टलाई भन्सार शुल्कमा केही छुट दिने व्यवस्था गराउन सक्ने हो भने निकट भविष्यमा नै निर्यातको ठूलो सम्भावना देखिन्छ।

वास्तवमा सिमेन्ट उद्योगलाई आर्थिक वृद्धिको सूचक पनि मान्न सकिन्छ। उद्योग विभागका अनुसार नेपालमा वार्षिक करीब एक करोड टन सिमेन्ट उत्पादन हुन्छ। जसको बजार मूल्य करीब रु एक खर्ब ४० अर्ब हुन्छ। यो कुल गार्हस्थ्य उत्पादनको करीब ३.५ प्रतिशत हो। विगत केही वर्षमा यसको उत्पादन क्षमतामा तीव्रतर वृद्धि भएको छ र सिमेन्ट उत्पादनले नेपालको आर्थिक वृद्धिमा राम्रो योगदान पुऱ्याएको पनि छ। उत्पादन क्षमतामा ठूलो वृद्धि हुनुका प्रमुख कारण सहज ऋणको उपलब्धता पनि हो। विगत ७/८ वर्षदेखि सिमेन्ट उद्योगका लागि ठूलो परिमाणमा ऋण परिचालन भएको तथ्याङ्क छ।

नेपालमा सिमेन्ट उद्योगको वार्षिक क्षमता एक करोड ५० लाख टन छ भने खपत एक करोड टन रहेको उद्योग विभाग र नेपाल राष्ट्र बैंकको एउटा अध्ययनले देखाएको छ। तर सिमेन्ट उद्योग सञ्चालकहरूका अनुसार नेपालमा वार्षिक उत्पादन क्षमता दुई करोड २० लाख टन र आन्तरिक खपत करीब एक करोड ५० लाखदेखि एक करोड ७० लाख मेट्रिक टन रहेको छ। उद्योग विभागमा हालसम्म १२० भन्दा बढी सिमेन्ट उद्योग दर्ता भएका छन्। तीमध्ये झन्डै ६५ उद्योग सञ्चालनमा छन्। होङ्सी, रिद्धिसिद्धि, शिवम्, सौर्य, मारुति, जगदम्बाजस्ता ठूला उद्योगहरू लगभग पूर्ण क्षमतामा सञ्चालित छन् भने बाँकी ५०/५५ प्रतिशत क्षमतामा मात्र सञ्चालित छन्। प्राप्त एक तथ्याङ्क अनुसार नेपालमा अहिले सिमेन्टको खुद्रा बिक्री ७० प्रतिशत र प्रोजेक्ट बिक्री ३० प्रतिशतको हाराहारीमा छ। नेपालमा जलविद्युत् परियोजना, ठूला व्यावसायिक भवन, पुल, नहर, हाउजिङ तथा अपार्टमेन्टहरूका लागि हुने व्यापार प्रोजेक्ट बिक्री अन्तर्गत पर्छ भने निजी आवास र अन्य सामान्य संरचनामा हुने खपत खुद्रा बिक्री अन्तर्गत पर्छ। हुनत सिमेन्टको ग्रेड नै यसको गुणस्तर चिह्न हो। नेपालमा ओपिसी, पिपिसी र पिएससी गरी तीन प्रकारको सिमेन्ट उत्पादन हुन्छ। ओपिसीमा ३३, ४३ र ५३ ग्रेड गरी तीन वर्गीकरण छ। पिपिसी सबैभन्दा राम्रो ग्रेडको सिमेन्ट हो। यसको प्रयोग जलविद्युत् आयोजना, ठूला कम्प्लेक्स, ड्याम र अन्य महत्त्वपूर्ण आयोजनामा हुन्छ। ओपिसी ५३ पनि राम्रै ग्रेडको सिमेन्ट हो, यसको प्रयोग रोड, रनवे, पुल, बिजुलीका पोल र अन्य ठूला संरचनामा हुन्छ। ओपिसी ३३ र ४३ तथा पिएससी भने तुलनात्मक रूपमा कम गुणस्तरका सिमेन्ट हुन्। यसको प्रयोग अलि कम संवेदनशील निर्माणमा हुन्छ।

नेपालमा पाइने चुनढुङ्गाको गुणस्तर राम्रो भएकोले यहाँ उत्पादित सिमेन्टको गुणस्तर पनि राम्रै गनिन्छ। अहिलेसम्म गुणस्तरमा समस्या आएको देखिएको छैन। भारत र नेपालको सिमेन्टको गुणस्तर लगभग उस्तै हो। तर भारतमा कम लागतमा सिमेन्ट उत्पादन हुन्छ र उनीहरूसँग सिमेन्टको प्रकार पनि धेरै छ। आर्थिक वृद्धि तथा विकासका लागि अपरिहार्य बन्दै गएको सिमेन्टको वातावरणीय प्रभावबारे बेलाबखत बहस चल्ने गरेको पाइन्छ। सिमेन्ट उद्योगले बढी कार्बन उत्सर्जन गर्ने गरेको पाइन्छ। फलस्वरूप उद्योग स्थापना भएका क्षेत्रका स्थानीयवासीले पटकपटक सिमेन्ट उद्योगविरुद्ध आवाज उठाउँदै आएका छन्। त्यसैले सिमेन्ट उद्योगबाट हुने वातावरणीय प्रभाव न्यूनीकरणका लागि ग्रीन टेक्नोलोजीमा लगानी गर्नु आवश्यक देखिन्छ। विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने वस्तुका रूपमा सिमेन्ट निर्यात हुन थाल्यो भने त्यसले यो प्रदेशले मात्र होइन, समग्रमा मुलुकको निर्यात व्यापारमा एकोहोरो बढिरहेको घाटा कम गर्न ठूलो सहयोग पुऱ्याउँछ। त्यसैले नेपाल र यो प्रदेशको समग्र औद्योगिक विकासका लागि सरकारले सुमधुर औद्योगिक सम्बन्ध, ऊर्जा आपूर्ति, औद्योगिक पूर्वाधार तथा संस्थागत र नीतिगत सुधार गरी लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने अहिले आवश्यक देखिएको छ। यसका साथै मधेस प्रदेशमा उद्योग स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीकर्तालाई आकर्षित गर्ने नीति प्रदेश सरकारको हुनुपर्दछ। औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्नु प्रदेश सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।



निजगढबाट देखिएको कान्छो चुरे पहाड र महाभारत पर्वतमा हिउँ परेको केही भाग। पहाडी भेगमा हिमपात भएपछि केही दिन मधेसमा पनि चीसो हावा चलेको थियो। तस्वीरः जीतलाल श्रेष्ठ

# दूध भण्डारणको उद्घाटन

प्रस, वीरगंज, २७ माघ/

छिपहरमाई गाउँपालिका–१ मिर्जापुर–१ भलुवहियामा शारदा दूध भण्डारणको उद्घाटन भएको छ।

संस्थाका व्यवस्थापक अशोक यादवले दूध केन्द्रको उद्घाटन गरेका थिए। सो अवसरमा उनले आफ्नो केन्द्रमा दूध दिने किसानहरूलाई भैंसी खरीद गर्न र सोको व्यवस्थापनको लागि दाना आदि खरीद गर्न ऋण सहयोग उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे।

गाउँमा दूध खरीद–बिक्री गर्ने केन्द्र नभएको र किसानहरूलाई समस्या भइरहेको कुरालाई दृष्टिगत गर्दै दूध भण्डारण केन्द्र स्थापना गरिएको यादवले बताए।

# रसुवागढीबाट आयात हुन थाल्यो

रसुवा, २७ माघ/रासस

हिमपातका कारण ठप्प भएको रसुवागढी नाकाबाट आयात पुनः सञ्चालन भएको छ।

चिनियाँ नयाँ वर्षको अवसरमा सोमवार र मङ्गलवार बन्द भएर बुधवार मात्रै खुला भएको नाका गत शुक्रवार र शनिवार हिमपातका कारण फेरि अवरुद्ध भएको थियो। चिनियाँ भूभागका सडकमा बाक्लो हिउँ जमेका कारण केरुङबाट रसुवागढीतर्फ आउने कन्टेनर उतै रोकिएका थिए। हिउँ पग्लिएसँगै बुधवार नौवटा टेलरमार्फत सामान आयात भएको हो।

हिमपातका कारण चिनियाँ सवारीसाधन गुड्न नसक्दा रोकिएका सामग्री रसुवागढी नाकामा आउन थालेको रसुवा भन्सार कार्यालयले जनाएको छ। रसुवागढी मितेरी पुलमा तैनाथ सुरक्षाकर्मीका अनुसार बुधवार नौवटा चिनियाँ टेलरमार्फत आएका सामग्री नेपाली सवारीसाधनमा लोड भई परीक्षणका लागि भन्सार हातामा पठाइसकिएको छ।

आयातकर्ता व्यवसायीले परिमाण घोषणा गर्नासाथ परीक्षण कार्य छिटोछरितो अगाडि बढाउन आफ्ना जाँचकी तयार रहेको भन्सार अधिकारीले जनाएका छन्। बुधवार आयात भएको सामग्रीमा नेपालमा सञ्चालित जलविद्युत् आयोजनाका उपकरणलगायत विभिन्न सामग्री रहेको सुरक्षाकर्मीले बताएका छन्।

आयात भएका चिनियाँ सामग्री रसुवाबाट काठमाडौं ढुवानीका लागि सयौं नेपाली कन्टेनर टिमुरेमा लामबद्ध भइसकेको सुरक्षाकर्मीले जनाएका छन्। भन्सार अधिकृत मदन श्रेष्ठका अनुसार चालू आर्थिक वर्षको गत साउनदेखि माघ २६ गतेसम्म रु चार अर्ब ७६ करोड ६० लाख ५२ हजार राजस्व सङ्कलन भएको हो। रसुवागढी नाकाबाट केरुङसम्मको दूरी २४ किलोमिटर मात्रै छ। रसुवागढी नाकाबाट हुँदै आएको आयात–निर्यात झन्डै दुई वर्षयता पटकपटक प्रभावित हुँदै आएको छ। विभिन्न पर्व, हिमपात, पहिरो र कोरोना महामारीका कारण पटकपटक नाका बन्द भएको छ।



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# उज्यालो जनकपुरधाम अभियानले नगरक्षेत्र झिलीमिली

जनकपुर, २७ माघ/रासस

केही समयअघिसम्म समसाँझै अँध्यारो र डरलाग्दो देखिने जनकपुरधाम उपमहानगरपालिका क्षेत्रका सडक यतिबेला भन्ने झिलीमिली देखिन थालिएको छ।

जनकपुरधाम उपमहानगरपालिकाले उज्यालो नगर बनाउने योजनाका साथ मुख्य सडक र गल्लीका खम्बाखम्बामा हाइमास तथा सेन्सर लाइट बत्ती जडान गरेपछि जनकपुरधाम नगरक्षेत्र झिलीमिली बनेको हो।

"केही महीनाअघिसम्म साँझ पर्नेबित्तिकै सडक अँध्यारो हुने र हिंड्डुल गर्न नसक्ने स्थिति थियो," जनकपुरधाम उपमहानगरपालिका–१ का रोशन महतोले भने, "तर अहिले रातिका समय जतिबेला पनि नगरक्षेत्रका सडक उज्यालो हुन्छ, जसका कारण हामी सुरक्षित महसूस गरिरहेका छौं।" उपमहानगरपालिकाले खम्बाखम्बामा जडान गरेको बत्तीले आफूहरूको बस्ती नै उज्यालो बनेको उनको भनाइ थियो।

"पहिलापहिला सडकछेउका अधिकांश खम्बामा बत्ती थिएन," जनकपुरधाम उपमहानगरपालिका–४ का सहदेव साहले भने, "जडान भएका बत्ती पनि कतिपय बल्ने स्थितिमा थिएन, जसले गर्दा यस क्षेत्रका सडकमा साँझ पनि हिंड्डुल गर्न समस्या भइरहेको थियो।" अब अहिले निर्धक्क भएर २४सैं घण्टा सडकमा हिंड्दा पनि कुनै समस्या छैन, उनको भनाइ छ। "विगतका वर्षमा साँझ र रातिका समयमा सडक अँध्यारो हुँदा चोरी, लुटपाटजस्ता आपराधिक घटना हुने गरेको थियो," उनले भने, "अहिले नगरक्षेत्रमा त्यस्ता आपराधिक घटनामा समेत ह्वातै कमी आएको छ, जसले गर्दा हामी सुरक्षित महसूस गरिरहेका छौं।" यसबाहेक खम्बाको बत्तीले नगरक्षेत्र नै झिलीमिली बनेको उनको भनाइ थियो।

उपमहानगरपालिकाले एकपछि अर्को लोकप्रिय योजना ल्याएर कार्यान्वयन गर्ने गरेकाले छोटो समयमैं जनकपुरधाम उपमहानगरपालिकाले मुहार फेर्न लागेको स्थानीयवासी बताउँछन्। उपमहानगरपालिकाले गत आर्थिक वर्ष २०७७/७८ देखि उज्यालो जनकपुरधाम अभियान अन्तर्गत सडक तथा गल्लीका खम्बामा बत्ती जडानलाई तीव्रता दिएको उपमहानगरपालिकाका योजना शाखा प्रमुख वरिष्ठ इन्जिनीयर वीरेन्द्रकुमार यादवले जानकारी दिए। त्यही योजना अनुसार नगरक्षेत्रका सडक र गल्लीमा ६७३ वटा सेन्सर लाइट जडान गर्ने लक्ष्य रहेकामा हालसम्म करीब ६० प्रतिशत लाइट जडान गरिसकेको र बाँकीमा जडान कार्य भइरहेको वरिष्ठ इन्जिनीयर यादवले बताए।

"नगरक्षेत्रमा अघिल्लो आर्थिक वर्षबाट उज्यालो जनकपुर अभियान शुरू गरेका छौं," उनले भने, "त्यसै अभियान अन्तर्गत हामीले अहिलेसम्म रेलवे स्टेशनदेखि विमानस्थलसम्म, जानकी मन्दिरदेखि रामानन्द चोकसम्म र परिक्रममा सडकमा ठूलाठूला सेन्सर लाइट जडान गरेका छौं।" बाँकी सडकमा पनि बत्ती जडानको काम जारी छ, छिट्टै जडान सकिनेछ, उनको भनाइ छ। विगतमा फोहर र कुरूप शहरको पहिचान बनाएको जनकपुरधाम नगरक्षेत्रमा पछिल्लो समय भएको लोभलाग्दो विकासले यहाँका जनप्रतिनिधि मात्र होइन, स्थानीयवासीसमेत उत्साहित बनेका छन्।

जनप्रतिनिधि र कर्मचारीबीचको तालमेलका कारण छोटो समयमैं नगरक्षेत्रमा थुप्रै परिवर्तन ल्याउन सफल भएको जनकपुरधाम उपमनपाका प्रमुख लालकिशोर साहले बताए।

"आफू निर्वाचित भएदेखि चार वर्षको अवधिमा उपमहानगरपालिकामा धेरै परिवर्तन भएको छ," उनले भने, "४०/५० किलोमिटर सडक विस्तार, फोहर व्यवस्थापन, ट्राफिक व्यवस्थापन, मन्दिरसम्म जाने सहज र फराकिलो बाटो निर्माण, ग्रामीण क्षेत्रका वडामा खुला नालामुक्त अभियान चलाएर ८० प्रतिशत क्षेत्रमा अन्डरग्राउन्ड नाला बनाएर पिसिसी ढलान गरेका छौं।"

# अन्तर्राष्ट्रिय समाचार

## रूसमा अहिलेसम्मकै बढी कोरोना सङ्क्रमित

मस्को, २७ माघ/सिन्ह्वा

रूसमा गएको २४ घण्टामा अहिलेसम्मकै सबैभन्दा बढी कोरोना सङ्क्रमित देखिएका यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। सो मन्त्रालयका अनुसार यहाँ बुधवार मात्र कम्तीमा पनि एक लाख ८३ हजारजना कोरोना सङ्क्रमित भेटिएका बताइएको छ।

यहाँ गएको आइतवार मात्र पनि एक लाख ८० हजारजनाभन्दा बढी सङ्क्रमित देखिएका थिए। त्यसपछिका केही दिन यहाँ सङ्क्रमितहरू केही घटेकामा बुधवार आएर सबैभन्दा धेरै देखिएका छन्।

ती सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै २४ घण्टाभित्र देखिएकामा सबैभन्दा बढी हो। यहाँ अहिलेसम्म एक करोड ३३ लाख ३० हजार कोरोना भाइरसका सङ्क्रमित देखिएका पनि बताइएको छ।

त्यसैगरी, यहाँको सरकारले बताए अनुसार यहाँ गएको २४ घण्टामा नै कम्तीमा पनि ६६९ जना सङ्क्रमितको निधन भएको छ।

योसमेत गरी यहाँ अहिलेसम्म तीन लाख ३७ हजार ३९० जनाको ज्यान गएको छ। रूसमा सबैभन्दा बढी सङ्क्रमित हुने स्थान राजधानी मस्को नै रहेको पनि यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन्।



मस्कोस्थित एक अस्पतालमा कोरोना सङ्क्रमितको उपचार गर्दै चिकित्सकहरू।

रूसमा पछिल्लो समयमा विकसित भएको ओमिक्रोन भेरियन्टको प्रकोप बढेको पनि बताइएको छ। सरकारले सतर्कता अपनाएको छ तर सङ्क्रमितहरू भने बढ्दोरूपमा रहेको पाइएको छ।

### भारतमा थप ६७ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा कोरोना भाइरसका कारण पछिल्लो एक दिनमा थप ६७ हजारभन्दा बढी सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले बिहीवार दिएको जानकारी अनुसार गत २४ घण्टामा ६७ हजार ८४ जना नयाँ सङ्क्रमित भएका हुन्।

यसैसँगै भारतमा कुल सङ्क्रमितको सङ्ख्या चार करोड २४ लाख ७८ हजार ६० पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। सोही अवधिमा अरू एक हजार २४१ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। यससँगै भारतमा अहिलेसम्म कुल मृतकको सङ्ख्या पाँच लाख ६ हजार ५२० पुगेको छ।

नयाँ सङ्क्रमितहरूको सङ्ख्या निकै कम हुँदै गएपछि अहिले भारतमा सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या सात लाख ९० हजार ७८९ पुगेको छ। सोही अवधिमा एक लाख ६७ हजार ८८२ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। यससँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या चार करोड ११ लाख ८९ हजार ७५१ पुगेको छ।

### बेलायतका प्रधानमन्त्रीले तोकिएको समयअगावै प्रतिबन्धहरू हटाउने

लन्डन/सिन्ह्वा

ब्रिटिश प्रधानमन्त्री बोरिस जोनसनले यसअघि तोकिएको समयभन्दा पनि अगावै बेलायतमा कोरोनाका विरुद्धमा लगाइएको प्रतिबन्ध हटाउने बताएका छन्। उनले बुधवार सो कुराको घोषणा गरेका हुन्। बेलायतमा आगामी मार्चको २४ तारिखसम्मका लागि कोरोना भाइरसका विरुद्धका प्रतिबन्धहरू लगाइएका छन्।

तर त्यसअगावै सबै प्रकारका प्रतिबन्धलाई फुकुवा गर्ने तयारी सरकारले थालिसकेको र फुकुवा पनि गरिने घोषणा उनले गरेका बताइएको छ। उनले अहिले पनि बेलायत सरकारले कुनै पनि कोभिड सङ्क्रमित व्यक्तिले पाँच दिन मात्र आइसोलेशनमा बसे हुने खालको नीति घोषणा गरेको बताए।

उनले अब बेलायत सरकारले कोभिड लागेका र कोभिडका विरुद्धका प्रतिबन्धहरूमा पनि धेरै परिवर्तन गर्ने तयारी गरेको जानकारी गराएका हुन्। रासस

## भारतमा नक्सलाइट हिंसामा उल्लेख्य कमी आएको सरकारको भनाइ

नयाँ दिल्ली, २७ माघ/सिन्ह्वा

भारतमा नक्सलाइटहरूले गर्ने गरेको हिंसामा पछिल्लो वर्ष उल्लेख्य मात्रामा कमी आएको हालै सार्वजनिक गरिएको एक रिपोर्टमा जनाइएको छ। यहाँ गएको १२ वर्षमा गत वर्ष अर्थात् सन् २०२१ मा त्यसअघिका वर्षको तुलनामा कम्तीमा पनि ७७ प्रतिशतले कमी आएको देखिएको हो।

भारतको केन्द्रीय गृह मन्त्रालयले प्रकाशन गरेको प्रतिवेदनमा उक्त कुरा उल्लेख गरिएको छ। सो प्रतिवेदनमा सन् २००९ मा दुई हजार २५८ जनाको नक्सलाइट हिंसाका कारण ज्यान गएकामा त्यसमा गत वर्ष ७७ प्रतिशतले कमी आएको छ।

गत वर्ष यस हिंसामा परी ५०९ जना मात्र नागरिकको ज्यान गएको पाइएको छ। भारतको केन्द्रीय गृह राज्यमन्त्री नित्यानन्द रायले संसद्मा बुधवार दिएको जानकारीमा सो कुरा उल्लेख गरिएको छ।

उनले पहिलेका वर्षहरूमा नक्सलाइट आन्दोलन भारतका ९६ जिल्लामा रहेकामा अघिल्लो वर्षसम्म आउँदा यो सङ्ख्या घटेर ४६ जिल्लामा सीमित रहेको पनि जानकारी दिए। रासस

## अमेरिकी विमानले कीभमा ८० टन हतियार ल्याए -रक्षामन्त्री

कीभ, २७ माघ/एएनआई/स्पुतनिक

युक्रेनले १० वटा विमानद्वारा संयुक्त राज्य अमेरिकाबाट ८० टन हतियार प्राप्त गरेको युक्रेनका रक्षामन्त्री ओलेक्सी रेज्निकोभले बुधवार ट्वीटमा उल्लेख गरेका छन्।

आज बोरिस्पिल एयरपोर्टमा खुला दिनु हो, थोरै हँसिलो मुद्रामा उनले भने- संयुक्त राज्य अमेरिकाको ९औं चरापछि १०औं चरा (विमान) उडेको र ८० टनभन्दा बढी बारुदसहितका हतियार भित्रिएको छ।

समग्रमा अमेरिकाले हतियारका ४५ विमानहरू आपूर्ति गर्ने योजना बनाएको युक्रेनी सेनाको आरबिएस-युक्रेनको स्रोतले उल्लेख गरेको छ। युक्रेन वरपरको अनिश्चित अवस्था हालैका हप्ताहरूमा बिग्रिएको छ, जसमा अमेरिका र इयूले युक्रेनी सीमामा रूसी सैन्य निर्माणमा चिन्ता व्यक्त गरेका छन् र नेटोले सहयोगीहरूलाई कीभको लागि आफ्नो सैन्य समर्थन बढाउन आग्रह गरेको छ।

**भौतिक.........**

इस्टिमेटिङ कस्टिङ एन्ड सुपरभिजन र ऐच्छिक विषयमा गायन, सङ्गीत, वाद्यवादन र नृत्यको परीक्षा हुने भएको छ।

बोर्डले आउँदो स्थानीय तहको निर्वाचनलाई समेत ध्यानमा राखेर परीक्षाको मिति निर्धारण गरेको उनले जानकारी दिए। यस वर्षको परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने अनुमान बोर्डले गरेको छ। परीक्षाको तालिका भने बोर्डले भोलि बिहान सार्वजनिक गर्ने भएको छ। कोरोना भाइरस सङ्क्रमणका कारण विगत दुई वर्ष एसइईको आन्तरिक मूल्याङ्कन गरेको र त्यसअघिका एसइई परीक्षा चैत महीनामा हुँदै आएकामा यस वर्ष भने कोरोना महामारीका कारण कक्षा प्रभावित भएकाले पढाइलाई पूर्णता दिनका लागि बोर्डले नियमित समयभन्दा एक महीना ढिलो गरी परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो।


घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका


### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


## रौतहटमा महायज्ञको मौसम

प्रस, गरुडा, २७ माघ/

तराई-मधेसमा महायज्ञको मौसम शुरू भएसँगै रौतहट पनि प्रभावित भएको छ। रौतहटका विभिन्न ठाउँमा महायज्ञ शुरू भएको छ।

रौतहटको माधवनारायण नगरपालिकाको सखुअवामा बाउन्न दिन लामो विष्णु महायज्ञ चलिरहेको छ। यसैगरी, वृन्दावन नगरपालिकाको विश्रामपुरमा नौ दिवसीय विष्णु महायज्ञ पनि चलिरहेको छ। दुई गाउँमा विष्णु महायज्ञ चलिरहँदा कटहरिया नगरपालिकाको बलुवा र गढीमाई नगरपालिकाको धर्मपुर गाउँमा भने महायज्ञको तयारी धमाधम भइरहेको छ।

महायज्ञमा विभिन्न किसिमका धार्मिक मूर्तिहरू बनाइनुका साथै सामाजिक सन्देश दिइने विभिन्न मूर्तिहरू पनि बनाइने चलन छ। सखुअवामा चलिरहेको विष्णु महायज्ञमा बाउन्न ठाउँमा निरन्तर यज्ञ भइरहेको छ। विश्व शान्तिको लागि महायज्ञ भइरहेको भनिएको छ। महायज्ञस्थलमा बालबालिकाका लागि विभिन्न मनोरञ्जनात्मक खेलतमाशा तथा पिङहरू ल्याइएका छन्। महायज्ञमा सबैभन्दा बढी बालबालिका र ज्येष्ठ नागरिकहरूको सहभागिता हुने गरेको छ। रौतहटमा गाउँलेहरूको सहभागितामा चन्दा उठाएर सार्वजनिक महायज्ञ गराउने चलनको विकास भएको छ। विगतका वर्षहरूमा पनि विभिन्न ठाउँमा महायज्ञ आयोजना हुँदै आएका थिए।

**सुरक्षा समिति...............**

समितिको टोलीले धोबिनी, जीराभवानी, कालिकामाई र विन्ध्यवासिनी गाउँपालिकामा रहेका मतदान केन्द्रहरूको अनुगमन गरेको बताइन्। अनुगमनको क्रममा गापाहरूमा थप मतदान केन्द्रको स्थापना गर्नुपर्ने झाले बताइन्।

अनुगमन टोलीमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, नेपाली सेनाका प्रमुख मनोज कार्की, राष्ट्रिय अनुसन्धानका उपनिर्देशकलगायतको सहभागिता थियो।


**मोटरसाइकल चोरी भएको सूचना**

चेसिस नं MD2A13EY5KCF90499, इन्जिन नं DKYCKF88491 भएको प्र. २-०३-०६प ३८१५ नम्बरको बजाज कम्पनीको २२० सिसीको रातो-कालो रङ्गको पल्सर मोटरसाइकल २०७८/१०/१६ गते राति १२ बजे वीरगंज महानगर-१५ मूर्लीस्थित घरबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मो. नं. नम्बर ९८४५१२०७७८ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

निर्मल मानन्धर
वीरगंज महानगर-१५, मूर्ली



**बीमालेख हराएको सूचना**

मिति २०७८/१०/२३ गते वीरगंजबाट माईस्थान जाने क्रममा मेरो निम्न बेहोराको बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजीकको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु।

**नाम : ओमप्रकाश सिंह राजपूत**
**बीमालेख नम्बर : १५१००१०८६७**
**ठेगाना : भिस्वा, वीरगंज-१८**
**सम्पर्क नं : ९८४५०२५०८४**
**कम्पनी : प्राइम लाइफ इन्स्योरेन्स**


मधेस प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
वीरगंज, पर्सा

### प्रस्ताव आह्वानसम्बन्धी सूचना

***प्रथमपटक प्रकाशित सूचना २०७८/१०/२८ गते***

मधेस प्रदेश, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **मत्स्य व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम** तपसिलका क्षेत्रमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक मत्स्यपालन समूह/सहकारी/निजी फर्महरूले आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले १५औं दिन अर्थात् २०७८/११/१३ गते कार्यालय समयभित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सामा तोकिएको ढाँचा (अनुसूची-१०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०५१-५२२५५१ र सम्पर्क व्यक्ति अधिकृत (मत्स्य) श्री राजेश्वरप्रसाद कुशवाहा मोनं ९८४५१८५६४४ मा सम्पर्क गर्न सकिनेछ।

**कार्यक्रमः- मत्स्य व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।**

**कार्यक्रम लागू भएको स्थानीय तह : जीराभवानी गाउँपालिका वडा नं. १ देखि ५।**

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**

१. आवेदन (अनुसूची-१०) अनुसारको रु १०/- हुलाक टिकट टाँस भएको हुनुपर्ने।
२. स्थानीय तह पशु सेवा शाखाको सिफारिशपत्र।
३. सम्बन्धित निकायमा कृषि तथा मत्स्यपालन समूह र सहकारी/संस्था/समिति/निजी फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
४. कार्यक्रम सञ्चालन हुने स्थल जग्गा/जमीनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा पाँच वर्षको सम्झौतानामा।
५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
६. कार्यसमितिको निर्णयको प्रतिलिपि।

***नोटः अनुसूची १० यसै कार्यालयबाट उपलब्ध गराइनेछ।***

(दफा ५को (१) सँग सम्बन्धित)
**पर्सागढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेस प्रदेश, नेपाल

### प्राविधिक सहायक करारमा पदपूर्ति गर्नेसम्बन्धी सूचना

(दोस्रोपटक प्रकाशित मिति २०७८/१०/२८ गते)

पर्सागढी नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक-१ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण राजस्व तिरेको रसिदसहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | विज्ञापन न. | पद | तह | सङ्ख्या |
|---|---|---|---|---|
| १. | ०१/०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौं तहसरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-
(क) सिभिल इन्जिनीयरिङमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको,
(ख) दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,
(ग) कम्तीमा तीन महीने तालीम लिई आधारभूत कम्प्युटर सीप भएको,
(घ) पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्धसम्बन्धी सीपसहित कम्तीमा छ महिनाको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ।

२. दरखास्त दिने स्थानः- पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा।
३. दरखास्त दिने अन्तिम मितिः- २०७८/११/१३
४. आवेदनको दस्तुरः- रु ५००/- (पाँच सय मात्र) राजस्व शाखामा दस्तुर बुझाइ निवेदनसँगै संलग्न गरी पेश गर्नुपर्ने
५. छनोटको किसिमः प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा,
६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि (क) नागरिकता, (ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) तालीमको प्रमाणपत्र, (ङ) अनुभव भए सोको कागजात (च) दुई प्रति पासपोर्ट फोटो।
७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्तिसम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

नोटः आवेदनको ढाँचा, कार्य विवरण तथा पाठक्रमलगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

# काङ्ग्रेसी युवाहरूले गहवामाईलाई गुहारपत्र चढाए

प्रस, वीरगंज, २७ माघ/

नेपाली काङ्ग्रेस, पर्साका युवाहरूले गहवामाईलाई गुहारपत्र चढाएका छन् । बिहीवार घण्टाघरमा भेला भएका युवाहरूले वीरगंजमा मौलाउँदो बेथिति, भ्रष्टाचार र अराजकता हटाउने अठोटका साथ गहवामाईलाई गुहारपत्र चढाएका हुन् ।

युवा नेता कञ्चन झाको नेतृत्वमा घण्टाघरमा भेला भएका काङ्ग्रेसका युवाहरूले र्‍याली निकाली गहवामाई मन्दिर पुगेर गुहारपत्र चढाएका हुन् । वीरगंजको मुहार फेर्ने वाचा गरेर जनतालाई भ्रमित गरी अझै पनि भ्रमको खेती नहटेको र उनीहरूले नै अद्भुत काम गरेको ढिढौंरा पिटिरहेको हुँदा वीरगंजको अस्तित्व जोगाइराख्न र यहाँको वैभव फर्काइ समृद्धितर्फ फर्काउन आशीर्वाद प्रदान गरून् भन्दै एक सूत्रीय मागसहित गहवामाईलाई गुहारपत्र चढाएको झाले बताए । उनले भगवान्‌भरोसे चलिरहेको वीरगंज शहरको भलो होस् भनेर नगरकी देवी गहवामाईलाई गुहारपत्र चढाएको प्रस्ट्याए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति महम्मद सहाबुद्दीनले जनप्रतिनिधिको लापरवाह चरित्रका कारण शहरको स्वरूप परिवर्तन हुन नसकेको बताए । उनले महानगरको विकासको लागि पटक–पटक ध्यानाकर्षण गराउँदा कुनै परिणाम नआएपछि साङ्केतिकरूपमा भगवान्‌लाई



तस्वीरः सौजन्य

गुहार्नुपरेको बताए । उनले शहरको गरिमालाई कायम राख्न युवाहरूको सक्रियता आवश्यक रहेको भन्दै वीरगंज बनाउ अभियानमा सबै युवालाई सहभागी हुन आह्वान पनि गरे ।

कार्यक्रममा नेका बुथ सभापति विशेश्वर पटेल, ठाराब क्याम्पसका प्राडा हरेराम ठाकुर, मधु राणा, पुरुषोत्तम दुबे, कनिका कौशिक, वडासचिव वीरेन्द्र गुप्तालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण रामनिवास यादवले गरेका थिए ।

# अस्टोन ग्लोबल एजुकेशन कन्सलटेन्सी सञ्चालन

प्रस, रौतहट, २७ माघ/

चन्द्रपुरमा अस्टोन ग्लोबल एजुकेशन कन्सल्टेन्सी सञ्चालनमा आएको छ ।

कङ्काली माध्यमिक विद्यालय, जङ्गलसहियाका पूर्वप्रधानाध्यापक तथा समाजसेवी छोटेलाल चौधरीले उक्त कन्सल्टेन्सीको उद्घाटन गरे । उच्च शिक्षा अध्ययनका लागि जापान, अस्ट्रेलिया, युकेलगायतका देशमा जान चाहने विद्यार्थीहरूलाई लक्षित गरी ग्लोबल एजुकेशन सञ्चालनमा ल्याएको बताए ।

प्रमाणपत्र तह अध्ययनपछि उच्च शिक्षा अध्ययनका लागि कुन देश जाने भन्ने अन्योलता रहेको र सही परामर्श केन्द्रको अभावमा राजधानी नै धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्दै विद्यार्थीहरूलाई सहयोग गर्ने उद्देश्यले यो कन्सल्टेन्सी सञ्चालनमा ल्याएको सञ्चालक ओमकिशोर चौधरीले बताए ।

नेपाल र जापान सरकारबीच भएको सम्झौता अनुसार २०१९ देखि दक्ष कामदार भिसामा जापान जान व्यवस्था रहेकोले उक्त कामदार भिसामा जापान जानका लागि भाषा तथा विभिन्न सीपका तयारी कक्षाहरू सञ्चालन गर्ने उद्देश्यले कन्सल्टेन्सी सञ्चालनमा ल्याएको चौधरीले बताए ।


श्रमको सम्मान गरौं
कामलाई सानो वा ठूलो नभनौं,
स्वदेशमै व्यापार व्यवसाय गरौं,
रोजगार भई राष्ट्र निर्माणमा
सहभागी होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## खेलकूदको संसार

# मच्छिन्द्र र ब्लुस्टारबीचको खेल नेपालमा हुने

काठमाडौं, २७ माघ/रासस

एएफसी कप छनोट अन्तर्गत नेपालको मच्छिन्द्र फूटबल क्लब र ब्लुस्टारबीचको खेल त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने भएको छ । पहिलोपटक एएफसी कप खेल्ने अवसर पाएको मच्छिन्द्रले श्रीलङ्काको ब्लुस्टारसँग आगामी चैत २२ गते खेल्ने अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले जनाएको छ । एन्फाको अनुसार उक्त खेल साँझ ५ बजेदेखि शुरू हुनेछ ।

एन्फाको नियम अनुसार शहीद स्मारक ‘ए’ डिभिजन लिगको सातौं चरणसम्म अङ्कतालिकाको शीर्षस्थानमा रहने टोलीले एएफसी कप छनोटमा सहभागिता जनाउन पाउनेछ । यस अनुसार मच्छिन्द्र एएफसी कपमा छनोट भएको हो । मच्छिन्द्रले पहिलो खेलमा ब्लुस्टारलाई पराजित गरेमा दोस्रो चरणमा भारतको एटिके मोहन बगानसँग खेल्नेछ । उक्त खेल चैत १२ गते हुनेछ ।

मच्छिन्द्रले एएफसी कपको समूह चरणमा स्थान बनाउन यी दुई चरणको खेलसहित प्लेअफको अन्तिम खेल पनि जित्नुपर्नेछ । प्लेअफमा जीत हात पार्ने टोलीले एएफसी कपको समूह ‘डी’ मा स्थान पाउनेछ । समूह ‘डी’ भारतको गोकुलम केरला, बङ्गलादेशको वसुन्धरा किंग्स, माल्दिभ्सको माजिया र प्लेअफ विजेताबीच प्रतिस्पर्धा हुनेछ ।

# पूर्वसांसद साहले प्रगति विवरण सार्वजनिक गरे

प्रस, रौतहट, २७ माघ/

रौतहट जिल्ला क्षेत्र नं ३ का पूर्वसांसद प्रभु साहले आफ्नो संसदीय कोषको बजेटबाट भएका विकास कार्यको प्रगति विवरण सार्वजनिक गरेका छन् ।

नेकपा विभाजित भएपछि माओवादी परित्याग गरी नेकपा एमालेमा रहेकाले उनको सांसद पद गुमेको थियो । यो अवधिमा उनले आफू सांसद हुँदा २०७६/७७ मा गरेका विकास कार्यलाई सार्वजनिक गरेका हुन् । उनले सार्वजनिक गरेको बूकलेटमा जिल्लामा पिछडिएको आफ्नो क्षेत्रको विकास गरी अनुहार फेरिएको दाबी गरेका छन् । बाटोघाटोको अभाव, बिजुली, खानेपानी, शिक्षाजस्ता आधारभूत आवश्यकताबाट विमुख आफ्नो क्षेत्रको मुहार फेर्ने गरी परिवर्तन गरेको दाबी उनले गरेका छन् ।

उनले आफ्नै प्रयासमा मौलापुर बजारलगायत क्षेत्र नं ३ अहिले जिल्लाको विकसित क्षेत्रमा गणना भएको बूकलेटमा उल्लेख गरेका छन् । उनले प्रत्येक गाउँमा जाने सडकको स्तरोन्नति गरेको, खानेपानीमा सुधार गरेको, शिक्षाको उचित व्यवस्थापन, घरघरमा ग्याँस चुलो, सिलिन्डर पुर्‍याएको, छात्राहरूलाई साइकल र विद्यार्थीहरूलाई प्रविधिसँग जोड्न ल्यापटपलगायत उपकरणहरू उपलब्ध गराएको, चोकहरूको नामकरण गरेको, जनताको जमीनलाई ल्यान्डपुलिङ गरी शहरसँग जोड्ने प्रयास गरेकोजस्ता राम्रा कामहरू गरेको दाबी गरेका छन् । बूकलेटमा उनले सबै नेताले आफूसरहको उत्तरदायीपूर्ण काम गरेको भए देशको विकास हुने बताएका छन् ।




# समाजवादी महिला सङ्घको भेला

प्रस, वीरगंज, २७ माघ/

जनता समाजवादी पार्टीको भ्रातृ




तस्वीरः प्रतीक

सङ्गठन समाजवादी महिला सङ्घ नेपाल, पर्साको भेला वीरगंज महानगरपालिका–३० लालपर्सामा सम्पन्न भएको छ ।

जिल्ला अध्यक्ष इन्दु यादवको सभापतित्वमा भएको भेलामा प्रदेश सांसद जन्नत अन्सारी, प्रदेश सांसद जहुर अन्सारी, जिल्ला उपाध्यक्ष वासुदेव यादव, सदस्य सुनीता ठाकुर, मनोज यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सञ्चालन कोषाध्यक्ष महम्मद शरीफ गद्दीले गरेका थिए ।

# विद्यार्थीलाई ब्याग वितरण

प्रस, वीरगंज, २७ माघ/

छिपहरमाई गाउँपालिका–१



तस्वीरः सौजन्य

मिर्जापुर–१ भलुवहियास्थित शारदा शिक्षण संस्थानकी सचिव नूतन उपाध्यायले निजी खर्चमा संस्थानमा अध्ययनरत २५ जना विद्यार्थीलाई स्कूल ब्याग वितरण गरेका छन् ।

यसैगरी, कार्यक्रममा सचिव नूतनले शिक्षिका रागिनीकुमारी यादवलाई रु पाँच हजार चेक हस्तान्तरण गरेका थिए । कार्यक्रममा शारदा गुरुकुल वेदाङ्ग शिक्षण संस्थानका शिक्षक रूपेश दुबे, अभिभावकलगायतको उपस्थिति थियो ।

# मधेस प्रदेश सरकारले जनयुद्ध दिवस मनाउने

जनकपुर, २७ माघ/रासस

मधेस प्रदेश सरकारले पहिलोपटक आगामी फागुन १ गते जनयुद्ध दिवस मनाउने भएको छ । यस क्रममा शहीद परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गर्ने भएको छ । आगामी फागुन १ गते ती परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गर्ने कार्यक्रम तय भएको प्रदेश सरकारले जनाएको छ ।

विगत तीन वर्षदेखि माघ ५ गतेलाई मधेस बलिदानी दिवसका रूपमा मनाउँदै आएको प्रदेश सरकारले पहिलोपटक फागुन १ गते जनयुद्ध दिवस मनाउने तयारी गरेको हो । आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय अन्तर्गतको मधेसी शहीद प्रतिष्ठानले आयोजना गर्ने कार्यक्रमलाई पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले सम्बोधन गर्ने कार्यक्रम तय भएको मन्त्रालयका सचिव रामकुमार महतोले जानकारी दिए । पहिलो चरणमा प्रदेशका आठवटै जिल्लाका ४० शहीद परिवारलाई सम्मान र आर्थिक सहयोग प्रदान गरिने उनको भनाइ छ ।

# राज्यमन्त्री यादवको सम्मान तथा स्वागत

प्रस, रौतहट, २७ माघ/

रङ्गपुर साझेदारी वन उपभोक्ता समितिले मधेस प्रदेशका नवनियुक्त पर्यटन तथा वन राज्यमन्त्रीलाई स्वागत तथा सम्मान गरेको छ ।

पर्यटन तथा वन राज्यमन्त्री नागेन्द्र यादवलाई रङ्गपुर साझेदारी वन उपभोक्ता समिति, चन्द्रपुरका अध्यक्ष जीतेन्द्र चौधरीले सम्मान तथा स्वागत गरेका थिए । चन्द्रपुरको डाबरीमा भएको कार्यक्रममा डिभिजन वन कार्यालय, रौतहटका प्रमुख अमरदेव यादव, जङ्गलसहिया साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष रामचन्द्र गिरीलगायतको सहभागिता थियो ।

कार्यक्रममा राज्यमन्त्री यादवले वनको संरक्षणमा रङ्गपुर साझेदारी वनले राम्रो काम गरेकोमा प्रशंसा गरेका थिए ।

# दुर्घटनामा चौधरीको मृत्यु

प्रस, गरुडा, २७ माघ/

बाराको कोल्हवीका एकजना पुरुषको बिहीवार बिहान गरुडामा मृत्यु भएको छ । बिहीवार बिहान करीब साढे चार बजेको समयमा गरुडा नगरपालिका–८ बसबिटी जिङ्डीस्थित राजमार्गमा अज्ञात सवारीसाधनले ठक्कर दिंदा बाराको कोल्हवीका ती पुरुषको मृत्यु भएको हो ।

गाडीले ठक्कर दिएपछि गम्भीर घाइते भएका कोल्हवी नगरपालिका–५ सोनाभारका ६० वर्षीय राजेश्वर चौधरीलाई प्रहरीले उद्धार गरी जिल्ला अस्पताल, गौर लैजाने क्रममा बाटोमैं मृत्यु भएको थियो । मृतकको मानसिक सन्तुलन ठीक नभएको इलाका प्रहरी कार्यालय, गरुडाले जनाएको छ ।

मृतकलाई ठक्कर दिने गाडीको पहिचान हुन बाँकी रहेको र घटनाको विषयमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले जानकारी गराए ।

## सर्लाहीमा.........

उनका अनुसार केही निजी अस्पतालका स्वास्थ्यकर्मीले लिङ्ग पहिचानलाई पैसा कमाउने धन्दा बनाएका छन् । नाम चलेका अल्ट्रासाउन्ड (भिडियो एक्स–रे) गर्नेले बढी पैसा लिएर लिङ्ग पहिचान गरिदिन्छन् । “निजी स्वास्थ्य संस्थामा बढी गर्भपतन हुने गरेका छन्,” उनले भने, “लिङ्गका आधारमा गर्भपतन गरिंदा सर्लाहीमा २० वर्षमुनिका जनसङ्ख्यामा पुरुषको दर बढ्दै गएको छ ।” लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्नु गैरकानूनी हो भन्दै उनले कोही भारत गएर गर्भपतन गरेर फर्किने गरेको बताए । छोराछोरी बराबरी व्यवहारमा नभएसम्म यस्तो गैरकानूनी धन्दा चलिरहने उनको भनाइ छ ।

पहिलोपटक छोरी भएमा छोराको चाहनामा लिङ्ग पहिचान गर्ने चलन बढेको हो । पितृसत्तात्मक सोचले यस्तो भएको र वर्षमा ४/५ पटकसम्म तथा शिक्षित, धनाढ्य परिवारबाट पनि उल्लेख्य मात्रामा गर्भपतन गराउने गरेको पाइएको सर्लाही बहरथवा–१६ निवासी कैलाश कुट क्याम्पस, काठमाडौंका उपप्राध्यापक सविन खनालले बताए । “मधेसी समुदायमा सकेसम्म छोराको नै जन्म होस् भन्ने चाहना पनि हुन्छ । त्यस कारण पनि छोरी भए भ्रूण हत्या हुने गरेको देखिन्छ,” उनले भने ।

जिल्ला जनस्वास्थ्य कार्यालयमा १२ हप्तासम्मको गर्भपतन गराएकाको मात्रै तथ्याङ्क हुन्छ । तर त्योभन्दा बढी समयको पनि गर्भपतन हुने गरेको छ । नौ हप्तासम्मको गर्भ औषधि र १२ हप्ताको औजारबाट फालिन्छ । जथाभावी गरिने गर्भपतनले प्रजनन स्वास्थ्यमा पार्ने गम्भीर असरबारे चेतना जगाउनु आवश्यक रहेको चिकित्सकहरूको भनाइ छ । छोरी जन्मनै नपाउने अवस्थाको सिर्जना हुँदै गएको छ । यसले भविष्यमा सामाजिक, आर्थिक र लैङ्गिक विचलन आउन सक्ने उनीहरूको भनाइ छ ।